# सौर्य दैनिक

www.souryaonline.com


वर्ष १५ अंक १४ बिहीबार, २१ फागुन २०८२ | SOURYA NATIONAL DAILY | Thursday, 5 March 2026 पृष्ठ : ६ मूल्य रू. ५


# चुनावी महाउत्सव : आज मतदान

## मतगणना सुरु गरेको २४ घन्टामा प्रत्यक्षतर्फको नतिजा दिने आयोगको तयारी

### मतदाताले जान्नैपर्ने कुरा

निर्वाचनमा २ प्रकारका मतपत्र प्रयोग हुनेछन् । प्रत्यक्षतर्फ सेतो कागजमा रातो रङको निर्वाचन चिह्नमा मतदान गर्न सकिन्छ भने समानुपातिकतर्फ सेतो कागजमा कालो रङको निर्वाचन चिह्नमा मतदान गर्न सकिन्छ । मतदान केन्द्रमा पुगेपछि मतदाता नामावलीमा नाम रुजु गरिन्छ भने त्यसपछि मतदातालाई सुरुमा प्रत्यक्षतर्फको मतपत्र दिइन्छ । गोप्य मतदान कक्षमा गएर आफूलाई मन परेको उम्मेदवारको चुनाव चिह्नमा स्वस्तिक छाप लगाई प्रत्यक्षतर्फको मतपेटिकामा खसालेपछि समानुपातिकतर्फको मतपत्र उपलब्ध गराइनेछ ।






### तथ्यांकमा चुनाव

**जम्मा मतदाता १,८९,०३,६८९**

- महिला : ९२,४०,१३१
- पुरुष : ९६,६३,३५८
- अन्य : २००

**मतदानस्थल** १०,९६७
**मतदान केन्द्र** २३,११२

**निर्वाचनमा भाग लिएका दल**

समानुपातिक : ५७ निर्वाचन चिह्नमा ६३ दल
प्रत्यक्ष : ६१ निर्वाचन चिह्नमा ६५ दल

**प्रत्यक्ष उम्मेदवार**

- महिला : १,७७२
- पुरुष : १,३६३
- **जम्मा : ३,१३५**

**समानुपातिक उम्मेदवार**

- महिला : १,७७२
- पुरुष : १,३६३
- **जम्मा : ३,१३५**

**पर्यवेक्षक संस्था**

- राष्ट्रिय : ३७
- अन्तर्राष्ट्रिय : ४
- **जम्मा : ४१**



**सुरक्षाकर्मी र कर्मचारी**

- कर्मचारी : २,१५,०००
- सुरक्षाकर्मी : ३,३९,०००

**यी कागजात देखाएर गर्न सकिन्छ मतदान**

मतदाता परिचयपत्र | नागरिकता प्रमाणपत्र | सवारी चालक अनुमतिपत्र | राहदानी | राष्ट्रिय परिचयपत्र | जग्गाधनी प्रमाण पुर्जा

मतदान गर्न जाँदा मतदाताले आफ्नो मतदाता परिचयपत्र अनिवार्य रूपमा लैजानुपर्ने हुन्छ । यदि कुनै कारणवश मतदाता परिचयपत्र हराएको, नासिएको वा नष्ट भएको अवस्थामा भने मतदाताले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्र वा राहदानी (पासपोर्ट) वा राष्ट्रिय परिचयपत्र वा सवारी चालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स) वा जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा)को सक्कल प्रति देखाएर पनि मतदान गर्न पाउने व्यवस्था आयोगले गरेको छ ।

**सौर्य समाचार**

काठमाडौं । प्रतिनिधिसभा चुनावअन्तर्गत आज बिहीबार हुने मतदानको सम्पूर्ण तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आयोगका कर्मचारी तथा सुरक्षाकर्मीहरू देशभरका २३ हजार ११२ वटै मतदान केन्द्रमा पुगिसकेका छन् । मतदान केन्द्रमा पुगेका मतदान अधिकृतहरूले सूचना टाँस गर्नेदेखि आवश्यक सबै प्रशासनिक तयारी पूरा गरिसकेको आयोगले जनाएको छ । त्यस्तै, आवश्यक मतपत्र, मतपेटिका तथा अन्य निर्वाचन सामग्री सबै मतदान केन्द्रमा पुऱ्याइसकिएको र आवश्यक सुरक्षालगायत प्रबन्ध पनि मिलाइसकेको आयोगले जनाएको छ ।

सबैले मतदान गर्न पाउने गरी शान्ति सुरक्षाको भरपर्दो प्रबन्ध मिलाइएकाले ढुक्क भएर मताधिकार प्रयोग गर्न आयोगले अपिलसमेत गरेको छ । आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार मतदानपछि मतगणना सुरु भएको २४ घन्टाभित्र परिणाम दिने गरी आयोगले तयारी गरेको छ । 'आयोगले मतगणना सुरु भएको २४ घन्टाभित्र प्रत्यक्षतर्फको मत परिणाम दिने गरी गणना गराउन प्रबन्ध गरेको छ,' भण्डारीले भने । आयोगका अनुसार हुम्ला र डोल्पाका २७ स्थानमा सेनाको हेलिकोप्टरमार्फत् निर्वाचन सामग्री पुऱ्याएको छ भने मतदानपछि विभिन्न ६१ ठाउँको मतपेटिका सेनाको हेलिकोप्टरमार्फत् ढुवानी गरी मतगणनास्थलसम्म ल्याउने आयोगको तयारी छ ।

आयोगका सचिव कृष्णबहादुर राउतका अनुसार अन्य स्थानको मतपेटिका भने गाडीबाटै संकलन गरिनेछ । मतपत्र र मतपेटिकाको सुरक्षा र संकलन विगतमाझैं एकीकृत सुरक्षा योजनाबमोजिम हुने भएकाले मतपेटिका सुरक्षित हुने आयोगको भनाइ छ । 'मतपेटिका संकलन पहिलेदेखिकै व्यवस्थाअनुसार हुने हो । मतपेटिका साटफेर हुँदैन । यसका शंका गरिरहनु पर्दैन,' कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भने ।

### १ करोड ८९ लाख मतदाताले छान्नेछन् २७५ सांसद

यस पटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी १ करोड ८९ लाख ३ हजार ६८९ मतदाता छन् । त्यस्तै, १ लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ । निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र र १४३ अस्थायी मतदानस्थल तय गरिएको छ । निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, १ हजार ९२१ राष्ट्रिय अनुसन्धान र १ लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिएका छन् । निर्वाचनमा २ लाख १५ हजार कर्मचारी खटिएका छन् ।

यसैगरी निर्वाचनका लागि देशभर १० हजार ९६७ वटा मतदानस्थल तोकिएको छ भने ती मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ । सुरक्षा निकायहरूले सुरक्षा संवेदनशीलताका आधारमा मतदानस्थहरूलाई अतिसंवेदनशील, संवेदनशील र सामान्य वर्गमा वर्गीकरण गरी सोहीअनुसार सुरक्षा प्रबन्ध मिलाएका छन् । जसअनुसार २ हजार ८४५ वटा मतदानस्थललाई सामान्य, ४ हजार ४४२ मतदानस्थललाई संवेदशील र ३ हजार ६८० वटा मतदानस्थललाई अतिसंवेदनशील मतदानस्थलका रूपमा वर्गीकरण गरी सुरक्षा प्रबन्ध मिलाइएको गृह मन्त्रालयले जनाएको छ ।

त्यस्तै, निर्वाचनका लागि प्रत्यक्षतर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दै छन् । प्रत्यक्षतर्फ १६५ सिटका लागि ३ हजार १७ पुरुष, ३८८ महिला र १ अन्य गरी ३ हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् भने ११० सिटको सामानुपातिक निर्वाचनतर्फ १ हजार ३६३ पुरुष र १ हजार ७७२ महिला गरी ३ हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

### ढुक्क भएर मतदान गर्नुस्

**रामप्रसाद भण्डारी**, *कार्यवाहक प्रमुख निर्वाचन आयुक्त*



गत भदौ २३ र २४ गते भएको नवयुवाहरूको विद्रोहपछि विकसित विषम परिस्थितिमा हुन गइरहेको यो आकस्मिक प्रतिनिधिसभा निर्वाचनले नेपालको संविधान र संघीय लोकतान्त्रिक व्यवस्थालाई अझै सुदृढ एवं परिपक्व बनाउने विश्वास लिएको छु । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन आवश्यक पर्ने निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण तयारी पूरा भइसकेको छ । यो अनुष्ठानमा सहभागी भएर सम्पूर्ण मतदाताले आ-आफ्नो अधिकार सुरक्षित गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । यो अनुष्ठानमा सहभागी हुनु हरेक सार्वभौम अधिकारसम्पन्न मतदाताको कर्तव्य पनि हो । बिहीबार आ-आफ्ना मतदान केन्द्रमा उपस्थित भई निर्धक्कसाथ मतदान गर्न सम्पूर्ण मतदातालाई हार्दिक अनुरोध गर्दछु ।

### यो चुनाव परिवर्तनको महान् पर्व हो

**अयोधीप्रसाद यादव**, पूर्वप्रमुख निर्वाचन आयुक्त



सम्पूर्ण मतदाता र आमनागरिकमा अत्यन्त विषम परिस्थितिमा हुन गइरहेको यो निर्वाचनलाई शान्तिपूर्ण बनाउन हार्दिक अनुरोध गर्दछु । यो निर्वाचन परिवर्तनको महान् पर्व हो । नेपालको आगामी दिशा र दशा यस निर्वाचनले निर्धारण गर्ने भएकाले सार्वभौमसत्ता निहित भएका नागरिकले जिम्मेवार भएर आफ्नो मतको सदुपयोग गर्ने विश्वास लिएको छु ।

### आफ्नो मताधिकार प्रयोग गरौं

**दिनेश थपलिया**, *पूर्वप्रमुख निर्वाचन आयुक्त*



मतदाता मौन दर्शक मात्र होइनन्, देशको भविष्य निर्माता हुन् । मतदानपछि औंलामा लगाइने त्यो कालो मसी कुनै चिह्न मात्र होइन, नागरिक अधिकारको पवित्र प्रमाणपत्र हो । मतदानको लाइनमा उभिरहँदा कुनै उम्मेदवारलाई छान्ने मात्र नभएर आफ्नो भविष्यको जग बसाल्ने र हिजो बसालिएको जगलाई अझ बलियो बनाउने गरी मतदान गर्नुहोला । विगतका आश्वासन, उपलब्धि र आगामी आवश्यकतालाई मध्यनजर गर्दै उपयुक्त उम्मेदवारको छनोट गरी मतदान गर्न सम्पूर्ण मतदातालाई आग्रह गर्दछु ।


### निर्वाचन सफल पार्नु हामी सबैको दायित्व र कर्तव्य हो

**भोजराज पोखरेल**, *पूर्वप्रमुख निर्वाचन आयुक्त*



नागरिकको सबैभन्दा ठुलो अधिकार मतदान हो, यसमा सबै सहभागी बनौं । जसले यो देशमा सुशासन कायम गर्ने एक मात्र लक्ष्य लिएको छ, त्यस्तो सक्षम र योग्य उम्मेदवार छनोट गरौं । निर्वाचनका सबै हिस्सेदारले आचारसंहिताभित्र रहेर शान्तिपूर्ण रुपमा यो निर्वाचन सफल पार्न मद्दत गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु । निर्वाचनलाई सफल पार्नु तपाईंहाम्रो दायित्व र कर्तव्य पनि हो ।

## नेपालको चुनावी इतिहास



नेपालको पहिलो आमनिर्वाचन २०१५ मा काठमाडौंमा भएको मतदान

१. २००७ सालको परिवर्तनपछि २०१५ सालमा देशमै पहिलो आमनिर्वाचन भएको थियो । सो निर्वाचनमा ४२ लाख ४६ हजार ४६८ मतदाता थिए भने ४२.१८५ प्रतिशत मत खसेको थियो । निर्वाचनको अन्तिम परिणाम २८ वैशाख, २०१६ मा प्रकाशित भएको थियो ।

२. निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि २०४८ मा आमनिर्वाचन भएको थियो । १ करोड ११ लाख ९१ हजार ७७७ मतदाता रहेको उक्त निर्वाचनमा ६५.१५ प्रतिशत मत खसेको थियो । त्यसबेला २० दल र १ हजार ३४५ उम्मेदवार थिए । मतदानका लागि ७ हजार ३९१ मतदान केन्द्र र ६ हजार ६३० उपकेन्द्र तोकिएको थियो ।

३. २०४८ सालको संसद् विघटनपछि २०५१ सालमा पहिलो पटक मध्यावधि निर्वाचन भएको थियो । १ करोड २३ लाख २७ हजार ३२९ मतदाता थिए भने २४ दल र १ हजार ४४२ उम्मेदवार थिए । मतदानका लागि ७ हजार ४१० केन्द्र र ८ हजार १९२ उपकेन्द्र तोकिएको थियो । सो निर्वाचनमा ६१.८६ प्रतिशत मत खसेको थियो ।

४. २०५६ सालमा भएको आमनिर्वाचनमा १ करोड ३५ लाख १८ हजार ८३९ मतदाता थिए । सो निर्वाचनमा ६५.७९ प्रतिशत मत खसेको थियो भने ३९ दल र २ हजार २३८ उम्मेदवार चुनावी मैदानमा थिए । उक्त निर्वाचनमा मतदानका लागि ६ हजार ८२१ केन्द्र तोकिएको थियो ।

५. १० बर्से सशस्त्र द्वन्द्वपछि संविधान निर्माणका लागि २०६४ सालमा संविधानसभा निर्वाचन भएको थियो । सो निर्वाचनमा कुल मतदाता १ करोड ७६ लाख ११ हजार ८३२ रहेकामा १ करोड ८ लाख ६६ हजार १३१ मत खसेको थियो भने ५४ राजनीतिक दल र स्वतन्त्रसमेत गरी ३ हजार ९४६ उम्मेदवार थिए ।

६. पहिलो संविधानसभाले संविधान दिन नसकेपछि २०७० सालमा दोस्रो संविधानसभा निर्वाचन भएको थियो । उक्त निर्वाचनमा कुल १ करोड २१ लाख ४७ हजार ८६५ मतदाता रहेकामा ९५ लाख १६ हजार ७३४ अर्थात् ७८.७४ प्रतिशत मतदान भएको थियो भने ६ हजार १२५ उम्मेदवार थिए ।


७. नेपालको संविधान, २०७२ जारीपछि संघीयताअनुरुप पहिलो पटक २०७४ सालमा प्रदेशसहित प्रतिनिधिसभा निर्वाचन भएको थियो । २ चरणमा भएको उक्त निर्वाचनमा देशभर १० हजार ६७१ स्थल र १९ हजार ८०९ मतदान केन्द्र तोकिएको थियो भने १ करोड ५४ लाख २७ हजार ९३८ मतदातामध्ये १ करोड ५ लाख ९४ हजार ४४ मतदाताले मत हालेका थिए ।

८. २०७९ सालमा दोस्रो पटक प्रदेश र प्रतिनिधिसभा निर्वाचन भएको थियो । त्यसबेला १ करोड ७९ लाख ८८ हजार ५७० मतदाता रहेकोमा १ करोड ११ लाख २६ हजार २२६ अर्थात् ६१.६३ प्रतिशत मत खसेको थियो भने देशभर १० हजार ८९१ मतदान स्थल र २२ हजार २२६ जना मतदान केन्द्र तोकिएको थियो ।

# 'सुशीला श्रीमान्', जसले देशलाई ट्र्याकमा फर्काइन् !

**सौर्य समाचार**

काठमाडौं । २३ र २४ भदौमा भएको जेनजी आन्दोलनपछि केही दिन मुलुकले राज्यविहीनताको कहालीलाग्दो अवस्था भोग्यो । सिंगो देश जलेको अवस्थामा न मुलुकमा राजनीतिक नेतृत्व थियो, न त नागरिकले सुरक्षा अनुभूत गर्न पाएका थिए । २४ भदौको मध्यरातिदेखि नेपाली सेनाले सुरक्षा कमान्ड सम्हालेपछि नागरिक सुरक्षाको विषयमा केही विश्वस्त भए पनि देश गम्भीर संकटमा जान सक्ने अनेक आशंका र हल्लाले उच्च स्थान पाएका थिए । तर, आन्दोलनको बलमा तत्कालीन सरकार अपदस्थ भएपछि ६ महिनाभित्र प्रतिनिधिसभा चुनाव गराउने मुख्य म्यान्डेट पाएर गठित सुशीला कार्की नेतृत्वको सरकारले आफ्नो जिम्मेवारी एक कदम पनि तलमाथि नगरी पूरा गर्ने चरणमा छ । आज मतदान सम्पन्न भएसँगै यो सरकारले आफ्नो कार्यभार पूरा गर्नेछ । जेनजी आन्दोलनको बलमा पुरानो निर्वाचित सरकार अपदस्थ भएसँगै सिर्जना भएको राज्यविहीनता चिर्न राष्ट्रपति, नेपाली सेना, जेनजी प्रतिनिधि, र विभिन्न राजनीतिक दलहरूको समेत समन्वय र आग्रहमा पूर्वप्रधानन्यायाधीश कार्की संकटको



भारी बोक्न तयार भएकी थिइन् ।

तर, प्रधानमन्त्री नियुक्त भएकै दिनदेखि उनले चौतर्फी घेराबन्दीको सामना गर्नुपऱ्यो । एकातिर यो सरकार संविधानभन्दा बाहिरबाट बनेकाले यसले चुनाव गराउनै नसक्ने दाबी गर्दै तत्कालीन सत्तारुढ दलका नेताहरूको उग्र अभिव्यक्ति र अर्कातिर आफूलाई प्रधानमन्त्री बनाएका जेनजी प्रतिनिधिहरूका अनेक माग र दबाबका बीच कार्कीले भनेकी थिइन्– 'सरकार त अचानो भयो ।' हुन पनि राजनीतिक दल पनि सरकारलाई गैरकानुनी भन्ने, जेनजीले पनि 'आन्दोलन दबाउने तत्कालीन सरकार सञ्चालकहरूलाई कारबाही नगर्ने हो भने राजीनामा दिनू' भन्ने चर्को दबाब दिएरहे । 'पार्टीले पनि आजै छाड् भन्छन्, जेनजीले पनि आजै छाड् भन्छन् । छाडेपछि थुक्क भन्लान्,' दिक्क मान्दै उनले भनेकी थिइन् ।

जेनजी आन्दोलनपछिको शून्यताबाट उठ्दै गर्दा कार्की नेतृत्वको अन्तरिम सरकारको थाप्लोमा प्रशासनिकदेखि राजनीतिक तथा परिवर्तित समय र जेनजीको माग सबैलाई तालमेल मिलाएर सँगै लैजानुपर्ने बाध्यता थियो । तर, प्रधानमन्त्री कार्की गलिनन् । दलहरूसँगको संवादहीनता तोड्न राष्ट्रपतिलाई सहजीकरण गरिदिन आग्रह गरिन् र त्यसपछि सबैसँग आफैंले संवाद गरिन् । आफ्ना मन्त्रीहरूलाई हरेक दलका शीर्ष नेताकहाँ पठाएर चुनावका लागि तयार हुने वातावरण बनाइन् । त्यतिबेला चुनावको नामै सुन्न नचाहेका सबै दल आज चुनावमा होमिएका छन् । २०८४ को चुनाव २०८२ मा सार्नमात्रै आन्दोलन नभएको बताउँदै आएका जेनजी प्रतिनिधिहरू अधिकांश आज उम्मेदवार बनेर चुनावी प्रतिस्पर्धामा छन् । यो सरकारले पाएका अन्य म्यान्डेट अब आउने नयाँ सरकारले पूरा गर्दै जाला । तर, संकटको डिलमा पुगेको मुलुकलाई संवैधानिक दायराभित्रबाटै सेफल्यान्डिङ गराएर 'सुशीला श्रीमान्' नेतृत्वको सरकारले सुनौलो इतिहास रचेको छ ।

**थप अपडेट**

**मतदानमा मौसम तगारो नबन्ने प्रक्षेपण**

**चुनावी सुरक्षा चुस्त रहेको राष्ट्रिय सुरक्षा परिषद्को निष्कर्ष**

पृष्ठ ६

# प्रधानमन्त्रीका यी दाबेदार, जसले आफैंलाई भोट हाल्न पाउँदैनन्

**सौर्य समाचार**

काठमाडौं । भावी प्रधानमन्त्रीको अनुहार नै अघि सारेर चुनावमा होमिएको मुख्य ४ दलका उम्मेदवारले भने आफैंलाई भोट हाल्न नपाउने भएका छन् । नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेकपा एमालेका अध्यक्षसमेत रहेका केपी शर्मा ओली, नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड तथा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह पार्टीका शीर्ष नेताका साथै भावी प्रधानमन्त्रीका उम्मेदवारसमेत हुन् । तर, मतदाता नामावली रहेको स्थान र उम्मेदवारी दिएको स्थान फरक परेका कारण उनीहरूले आफैंलाई मतदान गर्न पाउनेछैनन् । तर, ती सबैले मतदाता नामावली रहेको क्षेत्रमा भने मतदान गर्नेछन् ।









काठमाडौं-४ का मतदाता भए पनि सर्लाही-४ बाट उम्मेदवारी दिएका कांग्रेस सभापति थापाले यस पटक आफैंलाई मतदान गर्न पाउनेछैनन् । काठमाडौं-४ बाट उम्मेदवारी दिंदै र विजयी हुँदै आएका थापा यस पटक सर्लाही-४ पुगेका छन् । तर, काठमाडौंमा मतदाता नामावली रहेको स्थानबाट मतदान गरेपछि मात्र उनी आफ्नो निर्वाचन क्षेत्र सर्लाही-४ जानेछन् । एमाले अध्यक्ष ओली झापा-५ बाट उम्मेदवार छन्, तर उनको मतदाता नामावली भने सूर्यविनायक नगरपालिका बालकोटमा छ । भक्तपुर-२ बालकोटस्थित महेन्द्र शान्ति विद्यालयमा रहेको मतदानस्थलमा मतदान गरेपछि उनी आफ्नो निर्वाचन क्षेत्र झापा-५ जानेछन् । त्यस्तै, नेकपा संयोजक दाहालले यस पटक पनि आफूलाई भोट हाल्न पाउनेछैनन् । रुकुम पूर्वबाट उम्मेदवार बनेका दाहालको मतदाता नामावली चितवन-३ मा छ । २०७९ को चुनावमा पनि गोरखाबाट उम्मेदवारी दिएका उनले आफैंलाई मतदान गर्न पाएका थिएनन् । आज चितवन-३ स्थित भरतपुर-१४ को मतदान केन्द्रबाट मतदान गरेपछि उनी आफू उम्मेदवार रहेको रुकुम पूर्व जानेछन् । रास्वपाका वरिष्ठ नेता बालेनले पनि आफूलाई मत दिन पाउनेछैनन् । झापा-५ बाट उम्मेदवारी दिएका उनको मतदाता नामावली भने काठमाडौं-२ मा छ । यहाँ मतदान गर्न उनी बुधबार नै झापाबाट आइसकेका छन् भने मतदानलगत्तै उनी आफ्नो उम्मेदवारी रहेको झापा-५ जानेछन् ।

यसका अलावा चितवन-२ का उम्मेदवार तथा रास्वपा सभापति रवि लामिछाने, सप्तरी-३ मा उम्मेदवारी दिएका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, काठमाडौं-१ बाट उम्मेदवार बनेका राप्रपा उपाध्यक्ष रवीन्द्र मिश्र, सर्लाही-३ का उम्मेदवार तथा नेकपाका नेता नारायणकाजी श्रेष्ठ, काठमाडौं-५ का उम्मेदवार तथा कांग्रेस महामन्त्री प्रदीप पौडेल, तनहुँ-१ बाट उम्मेदवार बनेका रास्वपा उपसभापति स्वर्णिम वाग्लेजस्ता शीर्ष नेताहरूले पनि मतदाता नामावली र उम्मेदवारी दिएको स्थान फरक भएका कारण आफैंलाई मत दिन पाउनेछैनन् । त्यस्तै, एमाले सचिव भानुभक्त ढकाल, मोरङ-६ मा कांग्रेस उम्मेदवार नेता डा. शेखर कोइराला, मोरङ-२ मा उम्मेदवार रहेका मीनेन्द्र रिजाल, धनुषा-३ मा एमालेकी उम्मेदवार जुली महतो, रुपन्देही-३ मा वासुदेव घिमिरे, रुपन्देही-४ मा उम्मेदवारी दिएका प्रमोद यादव, महालक्ष्मी उपाध्याय (डिना) ले पनि आफूलाई मतदान गर्न पाउनेछैनन् । नवलपरासी-२ मा उम्मेदवार रहेका नेकपाका नेता देवेन्द्र पौडेल, कैलाली-५ मा उम्मेदवार बनेका प्रेम आले, नवलपरासी-१ मा उम्मेदवार बनेका कांग्रेसका विनोद चौधरी, तनहुँ-२ मा उम्मेदवारी दिएका शंकर भण्डारी, पुकार बम, निशा डाँगी, खगेन्द्र सुनार, महावीर पुनलगायतले पनि आफैंलाई मतदान गर्न पाउनेछैनन् ।

# शंकास्पद वस्तु र नगद बोकेको आरोपमा २ उम्मेदवार पक्राउ

■ सौर्य समाचार





काठमाडौं । गैरकानुनी काम गरेको आरोपमा २ उम्मेदवार पक्राउ परेका छन् । पक्राउपर्नेमा मनोजकुमार चौधरी र अशेश्वर यादव छन् । पर्सा प्रहरीले शंकास्पद वस्तुसहित पर्साको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ का उम्मेदवार मनोजकुमार चौधरीसहित ४ जनालाई पक्राउ गरेको हो । नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त जाँच टोलीले पर्साको हरपुरबाट बडनिहारतर्फ जाँदै गरेको बा१०च १२५० नम्बरको गाडीमाथि जाँच गर्दा गाडीको पछाडि डिक्कीभित्र पहेँलो टेपले बेरिएको टिनको बक्साभित्र शंकास्पद वस्तु फेला पारेर अनुसन्धान भइरहेको जनाएको छ । चौधरी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का उम्मेदवार हुन् ।

पर्साका प्रहरी प्रमुख सुदीपराज पाठकले शंकास्पद वस्तुसहित पक्राउ गरेका चारै जनामाथि अनुसन्धान भइरहेको जानकारी दिए । पक्राउपर्नेमा ४६ वर्षीय उम्मेदवार चौधरी, बाराको प्रसौनी गाउँपालिका-४ का सहाब आलम अन्सारी, धनुषाको धनुषाधाम नगरपालिका-४ का सुरज कार्की, पर्सागढी नगरपालिका-३ का सत्यनारायण थारू रहेका छन् । त्यसैगरी, वीरगन्ज महानगर-१६ स्थित इनर्वागाउँस्थित विशेष सूचनाका आधारमा निर्वाचन लक्षित एकीकृत सुरक्षाकर्मीको संयुक्त टोलीले ९ थान सुतली बमसहित सुँगुरको टाउको १ थान र वाइरिङ तार १० मिटरसहित ३ जना व्यक्तिलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ ।

पर्सा प्रहरीका सूचना अधिकारी हरिबहादुर बस्नेतले पक्राउ परेका व्यक्तिउपर विस्फोटक पदार्थसम्बन्धी कसुर, सार्वजनिक शान्तिविरुद्धको कसुर र निर्वाचनसम्बन्धी कसुरमा थप अनुसनधान भइरहेको जानकारी दिए ।

यस्तै, गैरकानुनी गतिविधि गरेको आरोपमा जनता समाजवादी पार्टी (जसपा) नेपाल सिरहा क्षेत्र नं ३ का उम्मेदवार अशेश्वर यादव पक्राउ परेका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचनको मौन अवधिमा यादव नगदसहित पक्राउ परेका हुन् । प्रहरीका अनुसार नेपाल-भारत सीमास्थित माडरबाट सिरहा सदरमुकामतर्फ जाँदै गरेको प्र२-०२-००१च ०८७ नम्बरको स्कारपियो गाडीलाई मंगलबार राति करिब १२:३० बजे शिवचोकमा संयुक्त चेकजाँचका क्रममा रोकिएको थियो । जाँचका क्रममा गाडीबाट ४ लाख ८७ हजार रुपैयाँ बरामद भएपछि उम्मेदवार यादवसहित ५ जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए ।

नियन्त्रणमा लिइएका सबैलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको छ भने थप कारबाहीका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पठाउने तयारी भइरहेको जिल्ला प्रनाउ पालले जानकारी बताए । यादव तत्कालीन संघीय समाजवादी फोरमबाट २०७४ स्थानीय तह निर्वाचन सिरहा नगरपालिकाको प्रमुख पदमा निर्वाचित भएका थिए ।

## निर्वाचन आचारसंहिता उल्लंघन गर्ने ११ जना नियन्त्रणमा, ४ वटा मदिरा पसल सिल

प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष तथा भयरहित वातावरणमा शान्तिपूर्ण रूपमा सम्पन्न गराउने उद्देश्यले मदिरा बिक्रीवितरणमा लगाइएको निषेधाज्ञा उल्लंघन गरेको आरोपमा रूपन्देही प्रहरीले ११ जनालाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कृष्णकुमार चन्दका अनुसार अनुगमनका क्रममा जिल्लाका विभिन्न स्थानबाट मंगलबार रातिसम्म ४ वटा मदिरा पसल सिल गर्नुका साथै मदिरा बिक्रीवितरण तथा ओसारपसारमा संलग्न ११ जना व्यक्तिलाई पक्राउ गरिएको छ ।

प्रहरीले सिद्धार्थनगर नगरपालिका-६ बुद्धचोकस्थित एक रेस्टुरेन्टबाट सञ्चालकसहित ९ जनालाई नियन्त्रणमा लिएको जनाएको छ । त्यसैगरी मायादेवी गाउँपालिका-५ गोनाहा चोकस्थित मदिरा पसलबाट 'दामी' र 'इश्क' नाम लेखिएका ११० बोतल मदिरा बरामद गरिएको सूचना अधिकारी चन्दले बताए । यस्तै शुद्धोधन गाउँपालिका-७ भगलापुर र वडा-३ सियाभारस्थित रेस्टुरेन्टबाट २ जना सञ्चालकलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । निषेधित अवधिमा मदिराको कारोबार गरेको पाइएपछि सम्बन्धित पसललाई सिल गरिएको हो । जिल्लाभर मदिरा नियन्त्रणका लागि विशेष टोली परिचालन गरी अनुगमनलाई कडा पारिएको सूचना अधिकारी चन्दले जानकारी दिए ।

स्थानीय प्रशासनले निर्वाचन अवधिभर सबै प्रकारका मदिराजन्य पदार्थको बिक्रीवितरण तथा सार्वजनिक स्थानमा सेवन पूर्णरूपमा निषेध गरेको जनाएको छ । निषेध आदेश उल्लंघन गर्ने व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारबाही गरिने प्रहरीले चेतावनी दिएको छ । निर्वाचन आचारसंहिताविपरीत गतिविधिमा संलग्न व्यक्तिहरूको निरन्तर निगरानी भइरहेको जनाउँदै प्रहरीले निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गराउन आवश्यक कदम सशक्त रूपमा अघि बढाइने जनाएको छ ।

# सौन्दर्यकरणका लागि गलेश्वरको सडकमा 'स्लेट' ढुंगा बिछ्याउन सुरु

■ सौर्य समाचार



म्याग्दी । जिल्लाको बेनी नगरपालिका-९ स्थित म्याग्दीको प्रमुख धार्मिक पर्यटकीयस्थल गलेश्वरको बजारभित्रको सडकमा ढुंगाको स्ल्याप बिछ्याउन थालिएको छ । हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुस्ताङको मुक्तिनाथ प्रवेशद्वार मानिने गलेश्वरको बजारभित्रको सडक र पदमार्गलाई मौलिक, व्यवस्थित र सुन्दर बनाई पर्यटक र भक्तजन आकर्षित गर्न सौन्दर्यकरण योजना सञ्चालन भएको हो । ६४ लाख ७ हजार रुपैयाँ लागत अनुमान गरिएको गलेश्वर बजार सौन्दर्यकरण योजना निर्माणका लागि गत मंसिर महिनामा रिभर इडेग इन्जिनियरिङ एन्ड बिल्डर्सले ४८ लाख ७४ हजार २७७ रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो ।

योजनामार्फत गलेश्वर मन्दिरको प्रवेशद्वारदेखि बसपार्कतर्फ ढुंगा बिछ्याउने काम सुरु भएको बेनी नगरपालिका-९ का वडाध्यक्ष चक्र केसीले जानकारी दिए । गलेश्वर बजार सौन्दर्यकरण योजना बेनी नगरपालिकाको गौरवको आयोजना हो । गलेश्वर शिवालय क्षेत्र विकास कोष र बेनी नगरपालिकाको लागत साझेदारीमा गत वर्षदेखि सुरु भएको यो योजनाले चालु आर्थिक वर्षमा पनि निरन्तरता पाएको छ । यस वर्ष २९५ मिटर दुरी सडकमा १ हजार ७१८.५ घनमिटर 'स्लेट' ढुंघा बिछ्याउने र ३० मिटर लामो नाली निर्माण हुने बेनी नगरपालिकाका सब इन्जिनियर मिलन केसीले बताए ।

गत वर्ष गलेश्वर प्रवेशद्वारदेखि मन्दिरतर्फ १०६ मिटर दुरीमा ७ हजार १०० घनमिटर ढुंगा बिछ्याउनुका साथै ५३ घनमिटर पर्खाल र २० मिटर पलम नाली निर्माण भएको छ । सडकलाई सम्माउने, नाली र पर्खाल बनाएर भुइँमा ढलान र कालोपत्रको विकल्पमा २ इन्च बाक्लो 'कटिङ' ढुंगा बिछ्याएर सिमेन्टले जमाउने काम भइरहेको छ । मुक्तिनाथ र मुस्ताङ जाने आउने पर्यटक तथा भक्तजनलाई गलेश्वरमा भित्र्याउने र उनीहरूको बसाइँ लम्बाउने उद्देश्यले सुरु गरिएको सौन्दर्यकरणको योजनालाई निरन्तरता दिने वडाध्यक्ष केसीले बताए ।

गलेश्वर बजारभित्रको सडकमा ढुंगा बिछ्याएपछि सार्वजनिक यातायातका साधन बजार बाहिरको कालीगण्डकी कोरिडोरको सडकबाट मात्र आवतजावतको व्यवस्था मिलाइने उनले बताए । भुइँमा बिछ्याइने ढुंगामा असर नपर्ने गरी बजारभित्र निर्माण सामग्री र उपभोग्य सामग्री आपूर्तिका सवारीसाधन सञ्चालन गर्न मिल्ने गरी संरचनाको ढाँचा गरिएको छ । कालीगण्डकी नदी किनारमा ९ रोपनी क्षेत्रफलको एउटै विशाल चट्टानमाथि रहेको गलेश्वर मन्दिरमा पूजाआजा र दर्शन गर्नाले मनोकांक्षा पूरा हुने र पुण्य मिल्ने धार्मिक विश्वास छ । हिन्दुधर्म ग्रन्थमा सतिदेवीको गला पतन भएर गलेश्वर नाम रहन गएको उल्लेख गरिएको यस मन्दिरमा साउन महिनाको सोमबार, बालाचर्तुदशी र शिवरात्रि पर्वमा विशेष मेला लाग्ने छ । दैनिक नित्य पूजाआजा हुने गर्छ ।

सेनाको स्पष्टोक्ति

# एकीकृत सुरक्षा योजनाअनुसार हामी परिचालित छौँ

■ सौर्य समाचार

काठमाडौं । नेपाली सेनाले सरोकारवाला सबै निकायसँग आवश्यक समन्वय र सहकार्यका साथ निर्वाचन सुरक्षासम्बन्धी कार्य गरिरहेको स्पष्ट पारेको छ । सेनाद्वारा बुधबार जारी एक अपिलमा आसन्न निर्वाचनलाई सुरक्षित रूपमा सम्पन्न गर्न एकीकृत सुरक्षा योजनाअनुसार सेना परिचालित भइरहेको जनाइएको छ ।

निर्वाचनलाई निष्पक्ष र भयरहित तवरले सम्पन्न गराउन सबै सुरक्षा अंग एवं सरोकारवाला निकाय एकीकृत र समन्वयात्मक ढंगले कार्य गरिरहेको अवस्थामा प्रसारित अतिरञ्जित सामग्रीप्रति गम्भीर ध्यानाकर्षण भएको सेनाले जनाएको छ । सुनियोजित ढंगबाट प्रसारित त्यस प्रकारका भ्रामक सूचनामा विश्वास नगर्न/नगराउन जनसमुदायमा सेनाले अपिल गरेको छ ।

# अस्पतालमा द्रुत प्रतिकार्य टोली गठन





■ सौर्य समाचार

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २१ फागुनमा हुने निर्वाचनको लागि स्वास्थ्य सेवा समन्वय गर्नका लागि संघ र प्रदेशमा समन्वयकर्ता तोकेको छ । मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले निर्वाचनमा सम्भावित घटनाका लागि आवश्यक स्वास्थ्य सेवा समन्वय गर्नका संघका ६ जना संघमा र ७ वटै प्रदेशमा ७ जना समन्वयकर्ता तोकिएको बताए । उनका अनुसार निर्वाचनमा सम्भावित घटनाका लागि आवश्यक स्वास्थ्य सेवा समन्वय गर्नका लागि स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रका ६ जना र प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका ७ जना तोकिएको छ ।

संघमा बन्दना भट्ट, डा.नवराज जोशी, नरमाया रिजाल, विमला महर्जन, गोपाल पाण्डे र श्रीया सुवेदी रहेका छन् । यस्तै कोसी प्रदेशमा डा.सभ्यता सुवेदी, मधेसमा फुलेन्द्र यादव, बाग्मतीमा दिनेश रुपाखेती, गण्डकीमा बुद्धिसागर अधिकारी, लुम्बिनीमा नोधनारायण चौधरी, कर्णालीमा श्यामलाल आचार्य र सुदूरपश्चिम प्रदेशमा हेमराज जोशी रहेका छन् । 'समन्वयकर्ताले निर्वाचनको दिन सम्भावित घटनाका घाइतेलाई अस्पतालसम्म पुऱ्याउने र उपचारसम्मको व्यवस्थाका लागि समन्वय गर्ने छन्,' मन्त्रालयका प्रवक्ता डा.बुढाथोकीले भने । मन्त्रालयले यसअघि नै सबै अस्पतालमा 'द्रुत प्रतिकार्य टोली' गठन गर्न निर्देशनसमेत दिइसकेको छ ।

# वन क्षेत्रका लागि जेसी योजना, लाभ बाँडफाँटमा ३५ प्रतिशत महिला अनिवार्य

■ प्रकृति ढकाल



काठमाडौं । वन तथा वातावरण क्षेत्रको लैंगिक समानता, अपांगतामैत्री तथा सामाजिक समावेशीकरण (जेसी) रणनीति तथा कार्ययोजना २०८२-२०९१ सार्वजनिक भएको छ । वन तथा वातावरण मन्त्रालयले वन र वातावरण क्षेत्रलाई लैंगिक समानतायुक्त, अपांगतामैत्री र सामाजिक रूपमा समावेशी बनाउने उद्देश्यसहित जेसी रणनीति तथा कार्ययोजना ल्याएको हो । एकदशक अवधिका लागि तयार गरिएको उक्त रणनीति तथा कार्ययोजनाले संघ, प्रदेश र स्थानीय तहअन्तर्गतका सरकारी निकाय, सामुदायिक संस्था, निजी क्षेत्र तथा विकास साझेदारलाई नीतिगत र संस्थागत रूपमा समावेशी तथा उत्तरदायी बनाउने लक्ष्य लिएको छ । वन तथा वातावरण क्षेत्रबाट हुने लाभको कम्तीमा ३५ प्रतिशत हिस्सा समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलाको सीप, उद्यमशीलता एवं नेतृत्व विकास र जीविकोपार्जन सुधारका लागि खर्च गर्ने रणनीति तथा कार्ययोजनाको उद्देश्य रहेको छ ।

यस्तै, वन तथा वातावरण क्षेत्रबाट हुने लाभको कम्तीमा १५ प्रतिशत हिस्सा दलित, आदिवासी जनजाति, अपांगता भएका व्यक्ति, मधेसीलगायत सीमान्तकृत समुदायको सीप, उद्यमशीलता एवं नेतृत्व विकास र जीविकोपार्जन सुधारका लागि खर्च गर्ने योजना पनि रणनीतिमा लिपिबद्ध गराइएको छ । रणनीतिअनुसार वन, वातावरण, जैविक विविधता तथा जलाधार क्षेत्रसँग सम्बन्धित विद्यमान नीति, ऐन, नियमावली र निर्देशिकालाई लैंगिक तथा सामाजिक समावेशी दृष्टिकोणबाट पुनरवलोकन गरिनेछ । सबै निकायले जेसी सुनिश्चित गर्ने कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यसैगरी, संस्थागत संरचनामा निर्णायक पदसहित कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने, कर्मचारी नियुक्तिमा समावेशी सिद्धान्त लागू गर्ने तथा वञ्चित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने प्रावधान रणनीतिमा समेटिएको छ । सामुदायिक वन उपभोक्ता समूह तथा अन्य समुदायमा आधारित समितिमा नेतृत्वदायी पदसहित कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरिएको छ । अध्यक्ष वा सचिव तथा उपाध्यक्ष वा कोषाध्यक्षमध्ये अनिवार्य रूपमा महिला प्रतिनिधित्व रहने उल्लेख छ । महिलाको नेतृत्व विकास, कार्यबोझ न्यूनीकरण तथा लैंगिक भूमिका परिवर्तनका लागि सामाजिक परिचालन कार्यक्रम सञ्चालन गरिने र लाभग्राहीको तथ्यांक लैंगिक र सामाजिक आधारमा खण्डीकृत रूपमा व्यवस्थापन गरिने रणनीति छ । यसैगरी सम्पन्नता स्तरीकरण र सामाजिक विश्लेषणका आधारमा सीमान्तकृत समुदायलाई बिउ पुँजी उपलब्ध गराई वनमा आधारित उद्यम प्रवर्द्धन गरिने योजना छ ।

### कार्यस्थलमा शून्य सहनशीलता

रणनीतिले वन तथा वातावरण क्षेत्रका सबै सरकारी, गैरसरकारी, सामुदायिक र निजी संस्थामा लैंगिक हिंसा तथा यौनजन्य दुर्व्यवहारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने स्पष्ट गरेको छ । प्रत्येक संस्थामा आन्तरिक उजुरी समिति गठन गरी लैंगिक सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गरिने रणनीतिमा उल्लेख छ । यौनजन्य दुर्व्यवहार (निवारण)सम्बन्धी कानुन तथा आचारसंहितासम्बन्धी अनिवार्य तालिम सञ्चालन गरिने पनि उल्लेख छ ।

### लैंगिक तथा अपांगमैत्री पूर्वाधारमा जोड

कार्यालय, आवास, शौचालय तथा अन्य पूर्वाधार निर्माण गर्दा महिला, यौनिक अल्पसंख्यक र अपांगमैत्री सुविधा सुनिश्चित गरिने लक्ष्य राखिएको छ । रणनीतिमा स्तनपान कक्ष, शिशु स्याहार कक्ष र महिनावारी मैत्री शौचालय व्यवस्थापनलाई प्राथमिकता दिइएको छ ।

### अनुगमन र कार्यान्वयन

रणनीति कार्यान्वयन, अनुगमन तथा मूल्यांकनको जिम्मेवारी सम्बन्धित मन्त्रालयले बहन गर्नेछ । प्रत्येक ५ वर्षमा समीक्षा तथा आवश्यक परिमार्जन गरिनेछ । कार्यान्वयनका लागि संघ, प्रदेश, स्थानीय तह तथा वन उपभोक्ता समूहले बजेट व्यवस्था गर्ने तथा आवश्यक परे विकास साझेदारसँग सहकार्य गरिने जनाइएको छ । नयाँ रणनीतिले आगामी दशकमा वन तथा वातावरण क्षेत्रलाई समावेशी, सुरक्षित र न्यायोचित बनाउने अपेक्षा गरिएको छ ।

### ग्रामीण महिलाको जीविकोपार्जनमा सकारात्मक प्रभाव

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको लैंगिक सम्पर्क व्यक्ति मञ्जु घिमिरे सुवेदीले जेसी रणनीतिले ग्रामीण महिलाको जीविकोपार्जनमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको बताइन् । 'निर्णय प्रक्रियामा ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुँदा महिलाले वन तथा प्राकृतिक स्रोतको उपयोग, आयआर्जन र बजेट विनियोजनमा आफ्ना आवश्यकता र प्राथमिकताअनुसार प्रभाव पार्न सक्नेछ,' उनले भनिन्, 'स्रोत तथा लाभको न्यायोचित बाँडफाँट, परम्परागत ज्ञान र सीपको प्रवर्द्धन तथा बजारसँग जोड्ने पहलले महिलाको आय र आत्मनिर्भरता वृद्धि हुनेछ ।'

उनले वर्तमान सन्दर्भमा वन विज्ञान अध्ययन गर्ने महिला विद्यार्थी र विभन्न सरकारी तथा गैरसरकारी तहमा महिलाको प्रतिनिधित्व बढ्दो क्रममा रहेका सन्दर्भमा जेसीको नयाँ रणनीति ल्याइएको जानकारी दिइन् । सीमान्तकृत समुदायभित्रका एकल महिला, अपांगता भएका महिलालगायत सबैभन्दा पछि परेका समूहसम्म लाभ पुग्ने सुनिश्चितताका लागि समानुपातिक समावेशी प्रतिनिधित्व अनिवार्य गरिएको घिमिरेको भनाइ छ । लक्षित कार्यक्रम र बजेट विनियोजनमार्फत विशेष अवसर प्रदान गरिने, जेसी इकाइ तथा अनुगमन संयन्त्रमार्फत कार्यान्वयनको निगरानी गरिने उनले बताइन् ।

साथै, विभेदविरुद्ध शून्य सहनशीलता नीति र अपांगमैत्री पूर्वाधार व्यवस्थाले सुरक्षित र पहुँचयोग्य वातावरण निर्माण गर्ने अपेक्षा गरिएको घिमिरेले जानकारी दिइन् । सुरक्षित र विभेदरहित कार्य वातावरणले सहभागिता र उत्पादकत्व बढाउने घिमिरेको भनाइ छ । उनका अनुसार रणनीति निर्माण प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, अपांगता भएका व्यक्ति तथा यौनिक अल्पसंख्यकको उल्लेखनीय सहभागिता थियो ।

### रणनीति सकारात्मक, तर प्रभावकारी कार्यान्वयनको आवश्यक छ : एनएफए

नेपाल वन प्राविधिक संघ (एनएफ) को महासचिव सुनिता उलकले वन तथा वातावरण क्षेत्रको लैंगिक समानता, अपांगता मैत्री तथा सामाजिक समावेशीकरण (जेसी) रणनीति तथा कार्ययोजना २०८२-२०९१ सार्वजनिक हुनु सकारात्मक कदम भएको टिप्पणी गरेकी छन् । 'वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनमा महिला, आदिवासी जनजाति, दलित, मधेसी, अपांगता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायको भूमिका महत्त्वपूर्ण रहे पनि निर्णय प्रक्रिया र स्रोतसाधनमा पहुँच अझै समतामूलक हुन सकेको छैन,' उनले भनिन्, 'यस रणनीतिले नीतिगत, संस्थागत तथा कार्यान्वयन तहमा समावेशीकरणलाई मूल प्रवाहीकरण गर्ने स्पष्ट दिशा दिएको छ ।'

यसको प्रभावकारिता प्रभावकारी कार्यान्वयन, पर्याप्त स्रोत व्यवस्थापन, नियमित अनुगमन र सबै तहका सरोकारवालाको प्रतिबद्धतामा निर्भर रहने उनको भनाइ छ । महासचिव उलकले रणनीति कागजमै सीमित नराखी व्यवहारमा रूपान्तरण गर्नुपर्नेमा जोडसमेत दिइन् । 'समावेशी नीति कार्यान्वयनमा रूपान्तरण भए मात्रै वन व्यवस्थापनमा वास्तविक परिवर्तन देखिन्छ,' उनले भनिन्, 'अब रणनीतिलाई व्यवहारमा उतार्ने समय आएको छ ।' उलकले संघ वनकर्मीको सञ्जालका रूपमा रणनीतिको सफल कार्यान्वयनका लागि प्राविधिक सहयोग, सचेतना अभिवृद्धि तथा संस्थागत सुदृढीकरणमा सहकार्य गर्न प्रतिबद्ध रहेको जानकारी दिइन् ।

### सामुदायिक वनमा महिलाको राम्रो सहभागिताले नेतृत्व र रोजगारीमा प्रभाव

सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) की महासचिव पार्वता गौतमले जेसी रणनीति राम्रो भएको उल्लेख गर्दै प्रभावकारी रूपमा व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिइन् । उनका अनुसार सामुदायिक वन समूहमा हाल पनि ५० प्रतिशत महिलाको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ।

'सामुदायिक वनबाट प्राप्त आम्दानी महिलाको क्षमता वृद्धि, वन उद्यममा लगानी, रोजगारी सिर्जना र नेतृत्व विकासमा प्रयोग हुँदै आएको छ,' गौतमले भनिन्, 'सामुदायिक वन समूह नीतिगत रूपमा महिलाको सहभागितालाई केन्द्रमा राखेर काम गर्दै आएको छ । प्राप्त रकम महिलाको क्षमता विकास, तालिम सञ्चालन, विपन्न वर्गमा लगानी र जीविकोपार्जन सुधारमा खर्च भइरहेको छ र महिलाको नेतृत्व र समावेशी सहभागिता सुनिश्चित गर्न प्रभावकारी कार्यान्वयन अपरिहार्य छ ।' उनले विभिन्न सामुदायिक वन उपभोक्ता समूहमा पैसा भए पनि त्यसलाई कहाँ र कसरी खर्च गर्ने भन्ने स्पष्ट मार्गनिर्देशन नभएको भन्दै नीतिको प्रभावकारी कार्यान्वयनका लागि सदस्यलाई सचेत गराउने काम पनि भइरहेको बताइन् ।

# बाख्रामा पिपिआर रोगको संक्रमण पुष्टि

■ सौर्य समाचार



कञ्चनपुर । सुदूरपश्चिम प्रदेशका कैलाली र कञ्चनपुर जिल्लामा 'बाख्राको हैजा' भनेर चिनिने पिपिआर रोगको संक्रमण पुष्टि भएको छ । पशुपक्षी अन्वेषण प्रयोगशाला धनगढीमा गरिएको परीक्षणअनुसार कैलालीको धनगढी उपमहानगरपालिका तथा कञ्चनपुरको पुनर्वास नगरपालिका र शुक्लाफाँटा नगरपालिकाबाट संकलित नमुनाको नतिजा 'पोजेटिभ' आएको हो । प्रयोगशालाका वरिष्ठ पशु चिकित्सक नरेशप्रसाद जोशीका अनुसार व्यावसायिक फार्म र स्थानीय किसानले पालेका बाख्रामा पिपिआरको संक्रमण देखिएको छ ।

अनुसन्धानका क्रममा भारतबाट क्वारेन्टाइन प्रक्रिया पूरा नगरी अवैध रूपमा ल्याइएका बोकाहरूबाट संक्रमण फैलिएको पुष्टि भएको जनाइएको छ । वरिष्ठ पशु चिकित्सक जोशीले गैरकानुनी रूपमा नेपाल भित्र्याइएका ती बोकाबाटै स्थानीय बथानमा पिपिआरको विषाणु सरेको हुनसक्ने बताए । सीमानाकामा हुने स्वास्थ्य जाँचलाई छलेर ल्याइएका पशुका कारण अहिले स्वस्थ बाख्रासमेत जोखिममा परेका छन् । पिपीआर अत्यन्त संक्रामक विषाणुजन्य रोग भएकाले छोटो समयमै ठुलो संख्यामा फैलिन सक्ने र उच्च मृत्युदर निम्त्याउन सक्ने खतरा रहेको पशु प्राविधिकहरू बताउँछन् ।

यस अवस्थालाई मध्यनजर गर्दै पशु सेवा कार्यालय र प्रयोगशालाले किसानलाई जैविक सुरक्षा उपाय कडाइका साथ अपनाउन आग्रह गरेका छन् । नयाँ पशु खरिद गर्दा अनिवार्य स्वास्थ्य परीक्षण गराउन र कम्तीमा २१ दिनसम्म छुट्टै राखेर मात्र पुरानो बथानमा मिसाउन सुझाव दिइएको छ । खोरमा रहेका बाख्रामा कडा ज्वरो आउने, मुखमा घाउ देखिने, आँखा-नाकबाट पानी बग्ने वा झाडापखाला लाग्नेजस्ता लक्षण देखिएमा ढिलाइ नगरी नजिकको पशु प्राविधिक वा भेटेरिनरी अस्पतालमा सम्पर्क गर्न अनुरोध गरिएको छ । अवैध पशु ओसारपसारका कारण देखिने यस्ता महामारीले समग्र पशुपालन क्षेत्रलाई नै गम्भीर असर पार्ने भएकाले सीमावर्ती क्षेत्रमा निगरानी कडा पार्नुका साथै किसान स्वयं सचेत हुनुपर्ने आवश्यकता औँल्याइएको छ ।

# इओसी नेपालद्वारा पर्यवेक्षक परिचालन

■ सौर्य समाचार

काठमाडौं । निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल)ले प्रतिनिधिसभा निर्वाचनमा देशभर ७०० राष्ट्रिय पर्यवेक्षक परिचालन गरेको छ । यस निर्वाचनका लागि पर्यवेक्षक परिचालन गर्न अनुमतिप्राप्तमध्येको एक पुरानो संस्था इओसी नेपालले दीर्घकालीन र अल्पकालीन गरी पर्यवेक्षक खटाएको हो । विगतको निर्वाचनको तुलनामा यस पटकको निर्वाचनमा व्यापक सामाजिक सञ्जालको प्रयोग भएकोले सामाजिक सञ्जालको दुरुपयोग गरी निर्वाचन आचारसंहिताको उल्लंघन सम्बन्धमा सूक्ष्म पर्यवेक्षणका लागि इओसी नेपालको केन्द्रीय कार्यालयमा विशेष प्राविधिक टोलीको व्यवस्था गरिएको सो संस्थाका उपाध्यक्ष बद्रीप्रसाद शिवाकोटीले जानकारी दिए ।

आफूहरूले मौन अवधि सुरु भएयता डिजिटल प्लेटफर्म तथा सामाजिक सञ्जालमार्फत प्रचारप्रसारजन्य सामग्री प्रकाशन तथा प्रसारण, उम्मेदवार, दलको पक्षमा मत प्रभावित गर्ने आशयका डिजिटल सन्देश र भ्रामक सामग्रीको सेयरलगायतका गतिविधिको निरन्तरताले निर्वाचन आचारसंहिता उल्लंघन भएको उनको भनाइ छ । यही २१ फागुनमा हुने निर्वाचनका लागि निर्वाचन आयोगबाट ३९ राष्ट्रिय संस्था र ४ अन्तर्राष्ट्रिय संस्थालाई पर्यवेक्षणका लागि अनुमति दिइएको छ ।

# निर्वाचन शान्तिपूर्ण बनाउन सीमानाकामा सुरक्षा कडाइ



■ सौर्य समाचार

लुम्बिनी। आज हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउनका लागि नेपाल-भारत सीमानाकामा सुरक्षा व्यवस्था कडा बनाइएको छ। सीमानाकामा सुरक्षाका लागि दुवै देशका सीमा क्षेत्रका अधिकारीबीच अनौपचारिक सीमा समन्वय बैठक सम्पन्न भएको छ। रूपन्देहीका प्रमुख जिल्ला अधिकारी माधवप्रसाद पोखरेलले भारत उत्तर प्रदेश राज्यको महाराजगन्ज जिल्लाका समकक्षीसँग प्रतिनिधिसभा निर्वाचन २०८२ का सन्दर्भमा अनौपचारिक सीमा समन्वय बैठक बसेर सीमा क्षेत्रको अनुगमन गरी सुरक्षामा कडाइ गरिएको जानकारी दिए।

दुवै देशका अधिकारीबीच भएको अनौपचारिक छलफल र सीमा क्षेत्रको अनुगमनमा नेपालको तर्फबाट प्रजिअ पोखरेलसहित जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक जनकबहादुर शाही, सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी उपरीक्षक नवराज बोहरा र राष्ट्रिय अनुसन्धानका निर्देशक प्रकाश आचार्य सहभागी भएका थिए। त्यस्तै भारत महाराजगन्ज जिल्लाका प्रमुख अधिकारी (डिएम) सन्तोषकुमार शर्मा र भारतीय प्रहरीका एसपी सोमेन्द्र मीना सहभागी थिए।

निर्वाचनको समयमा सीमानाका बन्द गर्ने र त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयमा दुवै पक्षबीच छलफल भएको प्रजिअ पोखरेलले जानकारी दिए। निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गर्ने कार्यमा सघाउन भारतीय पक्षले समेत चासो देखाएको उनले बताए।

निर्वाचनलाई मध्यनजर गर्दै भारतसँग जोडिएका रूपन्देहीका सम्पूर्ण सीमानाकाहरू यही १८ फागुन सोमबार राति १२ बजेदेखि ७२ घण्टाका लागि बन्द गरिएका छन्। निर्वाचनको दिन मतदान सम्पन्न नभएसम्मका लागि सबै सीमानाका बन्द गरिएको प्रशासनले जनाएको छ।

प्रजिअ पोखरेलका अनुसार मालवाहक सवारीसाधन र पर्यटक सवार सवारीसाधनसहित आवागमन हुने रूपन्देहीको मुख्य बेलहिया र साना सवारीसाधन आवतजावत गर्ने लुम्बिनी-कक्रहवालगायत सम्पूर्ण सीमानाका बन्द गरिएका हुन्। नाका बन्द गरेर कडाइ गरेपछि सीमा क्षेत्र सुनसान बनेका छन्। दैनिक हजारौँ यात्रु र सयौँ सवारीसाधन ओहोरदोहोर गर्ने रूपन्देहीका सबै नाका सुनसान भएका स्थानीय बताउँछन्। सीमा बन्द गरिएको अवधिमा ग्यास बुलेट र पेट्रोलियम पदार्थ बोकेका सवारीसाधन, एम्बुलेन्स र नेपाल भ्रमणमा आएका तेस्रो मुलुकका पर्यटकबाहेक अन्य सामानको ढुवानी तथा आवागमनमा रोक लगाइएको प्रजिअ पोखरेलले जानकारी दिए।

### मत गणनास्थलमा तार जाली

मत गणनास्थललाई सुरक्षित बनाउन रूपन्देहीका सबै मतगणनास्थललाई तार जालीले घेरिएको छ। प्रतिनिधिसभा निर्वाचनको मत गणनास्थल सुरक्षित गर्न रूपन्देहीका ५ वटै निर्वाचन क्षेत्रका गणनास्थलमा १० फिट अग्लो तार जालीले घेरिएको छ। रूपन्देहीका मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतका अनुसार सुरक्षा चुनौतीलाई मध्यनजर गरी मतगणनालाई व्यवस्थित गर्न लागिएको हो।

रूपन्देहीको निर्वाचन क्षेत्र नं १ मा देवदह आदर्श बहुमुखी क्याम्पस शीत्तलनगर, क्षेत्र नं २ मा बुटवल उपमहानगरपालिका-११ को कार्यालय देवीनगर, क्षेत्र नं ३ भैरहवास्थित भैरहवा नमुना माध्यमिक विद्यालय, क्षेत्र नं ४ मा कोटहीमाई गाउँपालिकाको कार्यालयको सभा हल र क्षेत्र नं ५ मा गैडहवा गाउँपालिका कार्यालयलाई मतगणना स्थल तोकिएको छ। मुख्य निर्वाचन अधिकृत बस्नेतका अनुसार विद्युत् आपूर्ति सहज बनाउन तार जालीको अगाडि जोडिएको बत्ती चार्ज हुने किसिमको जडान गरिएको छ। मतगणना परिसरमा सिसीटिभी क्यामरा पनि जडान गरिएको छ।

मतगणनाको क्रममा मतगणनामा खटिएका कर्मचारी, सुरक्षाकर्मीबाहेक अरू कसैलाई तार जालीभित्र जान नपाउने र उम्मेदवारका प्रतिनिधि तथा अन्य सरोकारवालालाई तार जाली बाहिरबाट हेर्न दिइने व्यवस्था मिलाइएको प्रमुख निर्वाचन अधिकृत बस्नेतले जानकारी दिए।

### बाँकेको सीमावर्ती क्षेत्रमा सुरक्षा सतर्कता

निर्वाचनलाई लक्ष्य गरी बाँकेको सीमावर्ती क्षेत्रमा सुरक्षा व्यवस्था चुस्त बनाइएको छ। निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन बाँकेको नेपाल-भारत सीमामा उच्च सतर्कता अपनाउनुका साथै सुरक्षा व्यवस्था कडा पारिएको बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले जानकारी दिए।

उनका अनुसार नेपाल-भारत मुख्य नाका जमुनाहलगायत अन्य सहायक नाकाबाट समेत आवतजावतमा रोक लगाइएको छ। सीमानाकामा नेपाल र भारत दुवै देशका सुरक्षाकर्मीले संयुक्त सुरक्षा गस्तीदेखि लिएर जाँचमा पनि कडाइ गरिरहेका छन्।

प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई मध्यनजर गर्दै फागनु १८ गते राति १२:०० बजेदेखि फागुन २१ गते राति १२:०० बजेसम्म नेपाल-भारत जमुनाहानाका पूर्ण रूपमा बन्द रहेको छ। यसैगरी क्षेत्र नं १ को नरैनापुर, क्षेत्र नं २ को डुडुवा, क्षेत्र नं ३ को जानकी र खजुरा गाउँपालिकास्थित सीमावर्ती क्षेत्रमा पनि सुरक्षा जाँचमा कडाइ गरिएको प्रमुख जिल्ला अधिकारी तामाङले जानकारी दिए।

३ निर्वाचन क्षेत्र रहेको बाँकेमा १३९ मतदानस्थल र ४०३ मतदान केन्द्र निर्धारण गरिएको छ। जिल्ला निर्वाचन अधिकारी टेकबहादुर शाहीका अनुसार बाँकेमा ३ लाख ५० हजार ३७१ मतदाता छन्। जसमध्ये १ लाख ७२ हजार २२३ महिला, १ लाख ७८ हजार ३३९ पुरुष र ९ जना अन्य मतदाता रहेका छन्।

# सत्कारले लोभिन्छन् घरबासका पाहुना

■ सौर्य समाचार



बागलुङ। साँझमा घरधन्दा सकेका घरबास सञ्चालकहरू सयपत्री फूलको माला हातमा लिएर दैलोमा उभिएका थिए। गाउँघरको खेतीपाती, घरधन्दा सकेर आराम गर्ने साँझमा पाहुनालाई स्वागत सत्कारमै व्यस्त हुन्छन् बागलुङको भकुण्डेस्थित अतिथि सत्कार घरबासका सञ्चालक।

बागलुङ बजारमा जन्मिएर कर्मथलो अमेरिका बनाउँदै आएकी अनुसिया श्रेष्ठ पहिलोपटक घरबास पुग्दा स्वागत र सत्कारले दंग परिन्। बागलुङकै पहिलो सामुदायिक घरबासमा पुगेकी श्रेष्ठलाई साँझ सयपत्री फूलको मालाले स्वागत गरियो भने भोलिपल्ट लालीगुराँस फूल दिएर बिदाइ गरेको क्षणले मन लोभ्याएको बताउँछिन्।

'गाउँघरको रमाइलो पल, अर्ग्यानिक खानाका परिकार, फूलमालाको स्वागत तथा लालीगुराँसको बिदाइ, बिहानै मूलाबारी भ्यूप्वाइन्टको सूर्योदयले मन लोभ्यायो', श्रेष्ठले भने, '३३ वर्ष अमेरिका बसेँ, नेपालजस्तो आनन्द अन्त छैन, घरबासमा आउने सडक भने सुधार गर्न आवश्यक देखिएको छ, गुन्द्रुक, कोदोको रक्सी, कोदोको ढिडोसँगै अर्ग्यानिक खानाका परिकारले अमेरिका नै भुलायो मलाई।' लालीगुराँस भनेपछि आन्तरिक र बाह्य पर्यटक हुरुक्कै भएपछि यहाँका घरबास (होमस्टे)ले पर्यटकको स्वागत सत्कारमा लालीगुराँस फूलको प्रयोग गर्न थालेपछि पाहुनाहरू मोहित भएका छन्।

पछिल्लो समय पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको बागलुङ नगरपालिका-१० स्थित पर्यटकीय गाउँ भकुण्डे घरबासमा पुग्ने पाहुनालाई त्यहाँको स्वागत सत्कारले निकै आकर्षित गर्ने गरेको छ। भकुण्डेको वनमा ढपक्कै फुलेको लालीगुराँस फूल टिपेर त्यहाँका स्थानीयले घरबासमा आउने पाहुनालाई स्वागत गर्ने गरेका छन्। बजारमा लालीगुराँस नदेखेका पर्यटकलाई राष्ट्रिय फूल लालीगुराँसले पर्यटकलाई थप मोहित पार्ने भन्दै चैतवैशाखमा लालीगुराँसले स्वागत गर्ने गरेको घरबासका सञ्चालक बताउँछन्।

जिल्लामै पहिलोपटक २०६८ सालमा घरबासको स्थापना गरेका भकुण्डे गाउँका स्थानीय अहिले घरबासमा आउने पाहुनालाई रिझाउन व्यस्त हुने गरेका अतिथि सत्कार घरबासका सञ्चालक अप्सरा थापा बताउँछिन्। मगर समुदायको बस्ती भएको भकुण्डे गाउँमा मगर समुदायको संस्कृति तथा विभिन्न पर्यटकीयस्थल, मूलाबारी दृश्यावलोकन स्तम्भ, बराह ताल, हीराताल हेर्नका लागि आन्तरिक तथा बाह्य पर्यटक भकुण्डे आउने गरेका छन्। भकुण्डेमा हाल ९ घरमा घरबास कार्यक्रम सञ्चालन भइरहेको छ।

'सुरुमा पाहुनालाई कसरी स्वागत, सत्कार गर्ने भन्ने ज्ञान थिएन', थापाले भने, 'अहिले घरबास व्यवस्थापनसम्बन्धी तालिम प्राप्त भइसकेपछि धेरै कुराको ज्ञान भयो', थापाले मौसमअनुसार फुलेका फूलमध्ये पाहुनाले लालीगुराँस अत्यधिक रुचाउने गरेका कारण वनमा गएर स्वागतका लागि लालीगुराँस ल्याउने गरेको बताए।

घरबासमा आउने पाहुनालाई आकर्षित गर्न यहाँका समुदायले भकुण्डे जनजाति संग्रहालयसमेत स्थापना गरेका छन्। बागलुङ जिल्लाको सदरमुकाम बागलुङ बजारदेखि ३ घण्टाको पैदल तथा समुद्री सतहदेखि २ हजार १५० मिटरको उचाइमा रहेको ४ तले पक्की दृश्यावलोकन स्तम्भ निर्माणसँगै घरबासमा बसेर बिहानै सूर्योदय हेर्न आउने पर्यटक वृद्धि हुन थालेको वडाध्यक्ष प्रेम थापाले बताए।

यहाँको स्वागतसँगै स्थानीय खाना, मूला, आलु, सिन्की, लोकल कोदोको रक्सी, मकै, कोदो, भटमासलगायतका स्वादिष्ट परिकारले मनै लोभ्याएको घरबास पुगेका पर्यटक करिश्मा क्षेत्रीले बताइन्। पर्यटक स्वागतमा सयपत्री फूलको माला तथा बिदाइमा लालीगुराँसको फूल उपहारस्वरूप प्रदान गरिने घरबास सञ्चालक यामबहादुर थापाले बताए।

भकुन्डेमा पछिल्लो समय इटाली, न्यूजील्यान्ड, जापान, अस्ट्रेलिया, कोरियालगायत देशबाट पनि पर्यटक आउन थालेका छन्। मिलेको भूबनोट, भकुण्डेबाट देखिने १ दर्जन बढी हिमशृंखला, मगर कला, संस्कृति भकुण्डेको पहिचान नै बनेको छ। बागलुङ नगरका पर्यटकीय क्षेत्रलाई उजागर गर्न बागलुङ नगर पर्यटन विकास समितिले पत्रकार र निजी क्षेत्रलाई हालै भकुण्डे घरबाससमेत पुऱ्याएको नगर उपप्रमुख तथा नगर पर्यटन विकास समितिका संयोजक राजु खड्काले जानकारी दिए।

# देवघाटमा देखियो घडियाल गोही

■ सौर्य समाचार



चितवन। गैंडाकोटको देवघाट क्षेत्रमा घडियाल गोही देखापरेको छ। केही वर्षअघिसम्म देवघाट क्षेत्रमा गोहीको चर्चा हुने गरेको भए पनि पछिल्ला वर्षमा दुर्लभ रूपमा देखिने गरेको थियो। मलामी जाने क्रममा स्थानीय उपेन्द्र पण्डितले देवघाटको गैंडाकोटतर्फको बगरमा घाम तापिरहेको घडियाल गोही देखेपछि पत्रकार रमेशकुमार पौडेललाई जानकारी दिएका थिए। मलामी गएका धेरैले गोही देखेका उनको भनाइ छ।

पत्रकार पौडेलले केही दिनअघि स्थानीय बोटेले नदी बगरमा गोही देखेको बताए। उनले भने, 'चितवन राष्ट्रिय निकुञ्जका पूर्वसहायक संरक्षण अधिकृत स्वर्गीय वेदबहादुर खड्काले निकुञ्जमा कार्यरत रहँदा देवघाट नजिकको नारायणी र कालीगण्डकी किनार घडियाल गोहीका लागि उपयुक्त बासस्थान रहेको बताएका थिए। प्रदूषण बढ्दै गएपछि यो क्षेत्रमा घडियाल गोही देख्न छाडिएको उनले बताउने गरेका थिए।'

निकुञ्जका सहायक संरक्षण अधिकृत एवं सूचना अधिकारी अविनास थापा मगरले घडियाल गोही बगेको सफा पानीमा बस्ने, माछा खाने प्राणीका रूपमा रहेको बताए। नदी र खोलामा भएको प्रदूषण, मानवीय अतिक्रमण र माछाको कमीले घडियाल हराउँदै गएका उनको बुझाइ छ।

स्थानीय बोटे समुदायका अनुसार देवघाट र वरपरको क्षेत्रमा करिब ३५ वर्षयतादेखि घडियाल गोही देखिन छोडेको थियो। निकुञ्जका सूचना अधिकारी मगरले भन्छन्, 'यहाँका ज्येष्ठ नागरिकका भनाइअनुसार झन्डै ३५ वर्षयतादेखि देवघाट क्षेत्रमा घडियाल देखिएको थिएन। अहिले देखिएको गोही यहाँको रैथाने हो वा अन्यत्रबाट आएको हो अध्ययन गर्नुपर्ने छ।'

घडियाल संरक्षणका लागि चितवन राष्ट्रिय निकुञ्जको कसरामा प्रजनन केन्द्र रहेको छ। जहाँ राप्ती र नारायणी नदी किनारमा जोखिममा रहेका गुँडबाट अन्डा संकलन गरी यहाँ ल्याएर बच्चा हुर्काउने गरिन्छ। हुर्किएका बच्चालाई पुनः नदीहरूमा छाड्ने गरिएको छ। विगतमा कालीगण्डकीमा समेत हुर्किएका घडियाल गोही छाडिँदै आउने भए पनि संरक्षण हुन नसकेपछि निकुञ्ज आसपासका राप्ती र नारायणी नदीमा मात्रै छोड्ने गरिएको थापा मगरले बताए।

पछिल्लोपटक गत पुसमा सार्वजनिक भएको गणना अनुसार राप्तीमा २३१ र नारायणीमा १३५ घडियाल गोही फेला परेका छन्। देवघाट क्षेत्रमा गोही नदेखिने भएकाले पछिल्ला वर्षहरूमा गणना हुन छाडेको मगरले बताए। देवघाटमा गोही देखिनुलाई महत्त्वका साथ हेरिएको भन्दै उनले यसबारे थप अध्ययन गरिने जानकारी दिए।

# कञ्चनपुरमा गिद्धको गुँड संख्यामा सुधार आउँदै

■ सौर्य समाचार

कञ्चनपुर। शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा गिद्धका गुँडको अनुगमन जारी छ। नेपाल पक्षी संरक्षण संघले गिद्धको अवस्था तथा गुँडको स्थितिबारे जानकारी लिन दोस्रो चरणको अनुगमन अघि बढाएको हो। निकुञ्जको तारापुर, हिरापुर तथा बाहिरी क्षेत्र लालझाडीलगायतका स्थानमा गुँड अनुगमनका लागि टोली परिचालन गरिएको संघका वरिष्ठ चराविज्ञ हिरूलाल डगौराले बताए। हालसम्म अनुगमन गरिएका क्षेत्रमा गिद्धका गुँड सन्तोषजनक अवस्थामा रहेको पाइएको उनको भनाइ छ। उनका अनुसार सुदूरपश्चिममा गिद्धको पहिलो चरणको अनुगमन गत जनवरीमा गरिएको थियो।



त्यस क्रममा १२० वटा गुँड अभिलेख भएका थिए। दोस्रो चरणको अनुगमनमा गुँडको संख्या बढेको पाइएको छ। गिद्धको संख्या पनि विगतका तुलनामा क्रमशः वृद्धि हुँदै गएको छ। कञ्चनपुरमा मुख्यतः डंगर गिद्ध, सानो खैरो गिद्ध, राज गिद्ध, सुन गिद्ध, हिमाली गिद्धलगायत प्रजाति पाइने गरेका छन्। तीमध्ये सानो खैरो गिद्ध अत्यन्त संकटापन्न अवस्थाका मानिन्छन् भने अन्य केही प्रजाति संकटापन्न वा जोखिमको अवस्थामा छन्। प्रकृतिको कुचिकारका रूपमा चिनिने गिद्धको संरक्षणका लागि बासस्थान सुधार, गुँड बनाउने रुखको संरक्षण तथा जनचेतना अभिवृद्धि गरिँदै आएको छ।

गिद्धका लागि हानिकारक मानिएको डाइक्लोफेनाक औषधिको प्रयोग नियन्त्रण तथा पशु औषधि पसलको अनुगमनले पनि सकारात्मक प्रभाव पारेको जनाइएको छ। कञ्चनपुर र कैलालीमा अनुगमन सम्पन्न भएपछि बैतडी र डडेल्धुरामा पनि गिद्धका गुँडको अनुगमन गरिने कार्यक्रम रहेको छ। तेस्रो चरणको अनुगमन आगामी 'मार्च'मा गरिने चराविज्ञ डगौराले जानकारी दिए।


**कम्पनीको दर्ता खारेजी ३० दिने सूचना**

श्री आदर्श पोलिमर्श, (दर्ता नम्बर: १७८०५३),
आँबुखैरेनी गाउँपालिका-२, तनहुँ, (प्यान नम्बर ६०६८५२६८३),
त्यस कम्पनीका संस्थापकले कम्पनीको दर्ता खारेज गरी पाउँ भनी दिएको विशेष साधारण सभाको बैठकको निर्णयले कम्पनी खारेजी गर्ने भएकाले त्यस कम्पनीले कुनै व्यक्ति, संस्थालाई तिर्नु बुझाउनु पर्ने कुनै ऋण दायित्व भए सो को सबुद प्रमाण सहित हकदावी गर्ने सम्बन्धी सूचनाको मस्यौदा देहाय बमोजिम रहेको छ। उक्त सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गराई सोको प्रति यस कार्यालयमा पेश गर्नु हुन मिति २०८२-११-१७ को निर्णयानुसार जानकारी गराइन्छ।
यस कार्यालयमा मिति २०७४-०७-२७ मा दर्ता भएको प्रा.लि.नं. १७८०५३ को आदर्श पोलिमर्श नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।
**बोधार्थ :**
श्री आन्तरिक राजस्व कार्यालय, तनहुँ

**कम्पनीको दर्ता खारेजी ३० दिने सूचना**

श्री वनदेवी प्लाष्टिक इण्डष्ट्रिज, (दर्ता नम्बर : ८०७८१),
आँबुखैरेनी गाउँपालिका-६, तनहुँ, (प्यान नम्बर : ३०४९१४०६१),
त्यस कम्पनीका संस्थापकले कम्पनीको दर्ता खारेज गरी पाउँ भनी दिएको विशेष साधारण सभाको बैठकको निर्णयले कम्पनी खारेजी गर्ने भएकाले त्यस कम्पनीले कुनै व्यक्ति, संस्थालाई तिर्नु बुझाउनु पर्ने कुनै ऋण दायित्व भए सो को सबुद प्रमाण सहित हकदावी गर्ने सम्बन्धी सूचनाको मस्यौदा देहाय बमोजिम रहेको छ। उक्त सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गराई सोको प्रति यस कार्यालयमा पेश गर्नु हुन मिति २०८२-११-१७ को निर्णयानुसार जानकारी गराइन्छ।
यस कार्यालयमा मिति २०६७-११-०८ मा दर्ता भएको प्रा.लि.नं. ८०७८१ को वनदेवी प्लाष्टिक इण्डष्ट्रिज नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।
**बोधार्थ :**
श्री आन्तरिक राजस्व कार्यालय, तनहुँ


# निर्वाचनको दिन आवश्यकताअनुसार आन्तरिक हवाई उडान हुने

■ सौर्य समाचार

काठमाडौँ। नेपाल नागरिक उड्डयन प्राधिकरणले प्रतिनिधिसभा सदस्यको निर्वाचनको दिन आन्तरिक हवाई उडान आवश्यकताका आधारमा सञ्चालन हुने जनाएको छ। प्राधिकरणले देशभर सबै प्रकारका आन्तरिक उडानहरू आवश्यकताअनुसार सञ्चालन हुने र अन्तर्राष्ट्रिय उडानहरू मध्यपूर्वी गन्तव्यका उडानबाहेक अन्यत्र नियमित हुने स्पष्ट पारेको छ। मध्यपूर्वी गन्तव्यको उडान सञ्चालन सम्बन्धित देशको निर्णय तथा उडान हुने विमानस्थलको अवस्थाका आधारमा वायुसेवा कम्पनीको संशोधित उडान तालिकाबमोजिम सञ्चालन हुने प्राधिकरणले उल्लेख गरेको छ। मध्यपूर्वमा विकसित परिस्थितिका कारण ती क्षेत्रका सबै उडान तत्कालका लागि स्थगित हुँदै आएको छ।

# निर्वाचनमा प्राथमिक उपचार स्वयंसेवक परिचालन गर्दै नेपाल रेडक्रस

■ सौर्य समाचार

काठमाडौँ। नेपाल रेडक्रस सोसाइटी, काठमाडौँ जिल्ला शाखाले बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा विभिन्न ३० मतदान केन्द्र परिसरमा प्राथमिक उपचार स्वयंसेवक परिचालन गर्ने भएको छ।

काठमाडौँ महानगरपालिकासहित अन्य १० पालिकाका विभिन्न ३० मतदान केन्द्रमा ४-४ जना स्वयंसेवकले सेवा प्रदान गर्नेछन्। साथै ती स्वयंसेवकको अतिरिक्त शाखाले एम्बुलेन्ससहित ७ जनाको अलग टोली पूर्वतयारी अवस्थामा राखेको छ।

जिल्ला शाखाका सभापति श्यामकाजी डोटेलले मतदान केन्द्रमा आकस्मिक प्राथमिक उपचार सेवा उपलब्ध गराउनुपर्ने स्थिति सिर्जना हुनसक्ने अवस्थालाई मध्यनजर राखी स्थानीय रूपमा प्राथमिक उपचार टोली तथा सामग्रीहरू पूर्वतयारी गरिएको जानकारी दिए। उनले भने, 'प्राथमिक उपचार स्वयंसेवकले तत्काल प्राथमिक उपचार आवश्यक पर्नेलाई सेवा प्रदान गर्नेछन्।'

यसका लागि जिल्ला शाखाले प्राथमिक उपचार स्वयंसेवकहरूका लागि अभिमुखीकरणसमेत आयोजना गरेको थियो। अभिमुखीकरणमा प्राथमिक उपचार पुनर्ताजगी, सुरक्षित पहुँच, मनोसामाजिक सहयोग र मनोवैज्ञानिक प्राथमिक उपचारलगायतका विषयमा सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गरिएको छ। शाखाले स्वयंसेवकहरूलाई मानवीय सेवाका विभिन्न गतिविधिहरू सञ्चालनमा परिचालन गर्दै आएको छ।


**Gramthan Rural Municipality**
**Office of Rural Municipal Executive**
**Morang, Koshi Province, Nepal**

**Notice for Extension of Deadline for Bid Submission**

**Date of publication: 2082/11/21**

1. This is to notify all perspective bidders that the deadline for the Submission of the bid for the work as stated in table below has been extended up to 10th March 2026, Time 11:00 am

| S. N. | Contract ID/ IFB No. | Description | Initial Dead line | Extended Dead line | Remarks |
|---|---|---|---|---|---|
| 1 | G.R/NCB/WORKS/ 11-082-083 | Wada No. 2 Bibhinna Sadak Kalopatrey (Package2) | 2026-03-05 11:00 AM | 2026-03-10 11:00 AM | |

For More Details https://bolpatra.gov.np/

## सम्पादकीय

# जनआन्दोलनपछिको निर्वाचन र नागरिक विवेक

लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकले आफ्नो मातृभूमिप्रति निर्वाह गर्नुपर्ने कर्तव्यको सूची लामो हुन्छ। तीमध्ये प्रमुख कर्तव्य मुलुकको विधि निर्माण र शासन सत्ता सञ्चालनका लागि योग्य प्रतिनिधि चयन गर्नु हो। यो नागरिकको कर्तव्य मात्र नभई एक सार्वभौम अधिकार पनि हो। तर, नागरिकले यो अधिकार आफूले चाहेकै समयमा प्रयोग गर्न पाउने सम्भावना न्यून हुन्छ। यसका लागि सामान्यतया आवधिक निर्वाचन नै पर्खनुपर्ने हुन्छ। कहिलेकाहीँ जनता स्वयंले हस्तक्षेप गरी नियमित निर्वाचनलाई केही वर्ष अघि सार्न पनि सक्छन्। आज हुन गइरहेको आमनिर्वाचन जनताले आन्दोलनमार्फत गरेको सफल अभियानको उपज हो। यदि गत भदौ २३ र २४ को जेनजी आन्दोलनले उथलपुथल नल्याएको भए यो परिस्थिति बन्ने थिएन। २०८४ मंसिरअघि आमनिर्वाचन हुने सम्भावना निकै कम थियो। त्यसैले विगतका निर्वाचनभन्दा आजको मतदानलाई विशेष मानिनु स्वाभाविक देखिन्छ। मतदानमा कति प्रतिशत नागरिक सहभागी भए भन्ने तथ्यांक आज साँझसम्म आउने नै छ। तर, अघिल्ला २ दिन सहरी क्षेत्रमा देखिएको सुनसानले धेरै संकेत गर्दछ। फागुन लाग्नासाथ भारत तथा तेस्रो मुलुकबाट घर फर्कने युवाहरूको लर्को ठुलो देखिएको छ। यसले संविधान जारी भए यताका निर्वाचनमध्ये यसपटक मतदाताको चासो सर्वाधिक रहेको अनुमान गर्न सकिन्छ। निर्वाचनको सफलता मापन गर्ने अनेक कडीहरूमध्ये मतदाताको उत्साह एउटा मुख्य आधार हो। यसपटक सहरबाट धेरै मतदाता मतदानका लागि आफ्नो थातथलो फर्किएका छन्। लामो सरकारी बिदा एउटा कारण होला, तर युवा मतदातामा देखिएको उत्साह नै मुख्य कडी हो।

मुलुकको विधानले लोकतान्त्रिक व्यवस्था भने पनि जनताले वास्तविक अनुभूति गर्ने समय मतदानकै बेला हो। निर्वाचनका बेला नागरिकले आफू स्वयं न्यायाधीश भएको महसुस गर्न पाउँछन्। अन्य समयमा सत्ताधारीहरूको हात माथि र जनताको हात तल हुने गर्दछ। तर, निर्वाचनको दिन ठ्याक्कै यसको उल्टो अवस्था सिर्जना हुन्छ। नागरिकका लागि यो अधिकार सामान्य नभएर सर्वाधिक शक्तिशाली अस्त्र हो। जति ठुलो अस्त्र प्रयोग गरिन्छ, त्यति नै बढी सावधानी अपनाउनु आवश्यक हुन्छ। शासन सत्ता सञ्चालनका लागि कसलाई पठाउने भन्ने निर्णय गर्दा असावधानी गर्ने छुट कसैलाई हुँदैन। यसका लागि गम्भीर विवेक पुऱ्याउनुपर्ने हुन्छ। बहुदलीय लोकतन्त्र पुनर्स्थापना भएको ३ दशक नाघिसक्दा पनि मुलुकले अपेक्षित गति लिन सकेको छैन। यसको मुख्य कारण विगतका निर्वाचनमा मतदाताले अपनाएको असावधानी त होइन ? यस्ता प्रश्नहरू अहिले धेरैतिर उठ्ने गरेका छन्। जनताले २०७९ मंसिरको निर्वाचनबाट गठित प्रतिनिधिसभालाई आन्दोलनद्वारा अपदस्थ गरेका हुन्। त्यही जनदबाबका कारण अहिले समयअगावै आमनिर्वाचन हुन लागेको हो। त्यसैले यसपटकको निर्वाचनमा विगतको जस्तो गल्ती दोहोऱ्याउने छुट मतदातालाई छैन। यो तथ्यको हेक्का सचेत नागरिकले पक्कै पनि राखेका होलान्।

मतदानको पूर्वसन्ध्यामा आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक) ले आफ्नो निष्कर्ष सार्वजनिक गरेको छ। उसले निर्वाचनपूर्वको वातावरण शान्तिपूर्ण र व्यवस्थापकीय दृष्टिले व्यवस्थित रहेको जनाएको छ। जियोकमा पूर्व प्रधानन्यायाधीश, पूर्वप्रमुख निर्वाचन आयुक्त र वरिष्ठ अधिवक्ताहरू संलग्न रहन्छन्। त्यसैले यसको प्रतिवेदनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रमाणिक दस्तावेज मानिन्छ। गत भदौ २७ मा अन्तरिम सरकार गठन हुँदाको परिस्थिति निकै जटिल थियो। तर, आज जनता निर्भयका साथ मतदानका लागि लाइन लाग्न सक्ने अवस्था बनेको छ। यो परिस्थितिको तुलना गर्दा प्रधानमन्त्री सुशीला कार्की निश्चय नै धन्यवादको हकदार देखिन्छिन्। दोस्रो संविधानसभाबाहेक विगतका प्रायः सबै निर्वाचन राजनीतिक दलको सहभागितामा गठित सरकारले गराउँदै आएका थिए। यसपटक भने स्वतन्त्र छवि भएको सरकारले निर्वाचन गराउन गइरहेको छ। यसकारण पनि यो निर्वाचनलाई निष्पक्षताको कडीका रूपमा हेरिनु स्वाभाविक छ। निर्वाचनको मुख्य खुड्किलो भनेकै भयरहित वातावरणमा मतदान सम्पन्न हुनु हो। अन्तरिम सरकार र निर्वाचन आयोगका लागि सुरक्षा र निष्पक्षता कायम गर्नु सबैभन्दा ठुलो चुनौती हो। सरकारले यो चुनौतीलाई कसरी पार लगाउँछ भन्ने कुरा हेर्न बाँकी नै छ। मतदान केन्द्रहरूमा धाँधली नहुनु र मतदातालाई कसैको डर-धम्की वा प्रलोभनमा नपारिनु अनिवार्य छ। आचारसंहिताको पूर्ण पालनाले मात्र निर्वाचनको वैधानिकता र गरिमा बढाउँछ। यो निर्वाचनले केवल नयाँ सरकार मात्र चयन गर्ने छैन, यसले नागरिक असन्तुष्टिको वास्तविक 'जनादेश' कता छ भन्ने कुराको पनि परीक्षण गर्नेछ। आजको १ मतले आगामी ५ वर्षको भविष्य मात्र होइन, आन्दोलनको औचित्य पनि पुष्टि गर्नेछ।

# आफ्नै एक मतबाट देशको भविष्य निर्माण गर्ने ऐतिहासिक दिन


आरपी गैरे

"आजको मतदानले केवल प्रतिनिधि चयन गर्दैन, यसले आगामी वर्षहरूको नीति, योजना र विकासको दिशा तय गर्छ । स्थिर सरकार निर्माणको आधार पनि यही मत हो । यदि निर्वाचनप्रति विश्वास बलियो रह्यो भने परिणाम जे आए पनि स्वीकार्य हुन्छ

आज देशभर एकैपटक निर्वाचन हुँदै छ। यो जनताको सार्वभौम अधिकार प्रयोग गर्ने दिन हो। आजको दिन प्रत्येक मतदाताले आफ्नो मतमार्फत् देश र जनताको भाग्य र भविष्य निर्माणमा प्रत्यक्ष भूमिका खेल्दै छन्। लोकतन्त्रमा जनता नै सर्वोच्च शक्ति हुन् भन्ने सत्य आज पुनः स्थापित हुँदै छ।

मतदान केन्द्रतर्फ जाने प्रत्येक पाइला जिम्मेवारीको पाइला हो। यो कुनै दल विशेषको उत्सव मात्र होइन; यो सम्पूर्ण राष्ट्रको लोकतान्त्रिक पर्व हो। आफ्ना प्रतिनिधि आफैँ छान्ने अधिकार इतिहासका अनेक संघर्षपछि प्राप्त भएको हो। त्यसैले आजको दिन भावनामा होइन, विवेकमा आधारित निर्णय गर्ने दिन हो। उम्मेदवारको बोलीभन्दा पनि व्यवहार, आश्वासनभन्दा पनि विगतको कार्यशैली, नाराभन्दा पनि नीति र दृष्टिकोणलाई आधार बनाएर निर्णय लिनुपर्ने घडी हो।

निर्वाचन निष्पक्ष, स्वच्छ र धाँधलीरहित हुनुपर्छ। यसमा राजनीतिक दल, उम्मेदवार, निर्वाचन आयोग, सुरक्षाकर्मी, सञ्चारमाध्यम र मतदाता– सबैको समान जिम्मेवारी छ। मतदाताले डर, त्रास वा कुनै प्रलोभनबिना मतदान गर्न पाउने वातावरण सुनिश्चित हुनुपर्छ। मतदान केन्द्र शान्त, व्यवस्थित र पारदर्शी हुनुपर्छ। मत हाल्ने गोपनीयता पूर्णरूपमा सुरक्षित हुनुपर्छ। किनकि मतको गोपनीयता नै लोकतन्त्रको आत्मा हो।

आजको मतदानले केवल प्रतिनिधि चयन गर्दैन, यसले आगामी वर्षहरूको नीति, योजना र विकासको दिशा तय गर्छ। स्थिर सरकार निर्माणको आधार पनि यही मत हो। यदि निर्वाचनप्रति विश्वास बलियो रह्यो भने परिणाम जे आए पनि स्वीकार्य हुन्छ। तर यदि प्रक्रिया विवादित भयो भने त्यसको असर दीर्घकालीन राजनीतिक स्थिरतामा पर्छ। त्यसैले प्रत्येक मत अमूल्य छ, प्रत्येक मत जिम्मेवारीपूर्ण छ।

युवा, महिला, ज्येष्ठ नागरिक - सबैको सहभागिता लोकतन्त्रको शक्ति हो। मतदान नगरी घरमै बस्नु भनेको आफ्नो अधिकार अरूलाई सुम्पिनु हो। सचेत नागरिकले आफ्नो मत प्रयोग गरेर मात्र परिवर्तन सम्भव बनाउँछन्। देशको भविष्यबारे गुनासो गर्नेभन्दा मत हालेर आफ्नो धारणा व्यक्त गर्नु नै सशक्त कदम हो।

राजनीतिक स्थिरता कुनै पनि राष्ट्रको समृद्धिको मेरुदण्ड हो भन्ने कुरा नेपालकै इतिहासले बारम्बार प्रमाणित गरेको छ। २००७ सालमा राणाशासन अन्त्य भई प्रजातन्त्र स्थापना भएपछि नेपाली जनतामा उज्यालो भविष्यको आशा पलायो। तर त्यो आशा धेरै समय टिक्न सकेन। २०१५ सालको पहिलो आमनिर्वाचनबाट जननिर्वाचित प्रधानमन्त्री बनेका बिपी कोइराला नेतृत्वको सरकारलाई राजा महेन्द्रले अपदस्थ गर्दै २०१७ सालमा पञ्चायती व्यवस्था लागू गरे। जनमतको अवमूल्यन र शक्तिको केन्द्रीकरणले राजनीतिक स्थिरताको आधार भत्कियो। लोकतान्त्रिक अभ्यास रोकिनु मात्र होइन, नागरिक सहभागिताको बाटो नै साँघुरो बनाइयो। परिणामतः देश विकासको गतिमा अघि बढ्न सकेन।

२०४६ सालको जनआन्दोलनपछि बहुदलीय व्यवस्था पुनस्थापित हुँदा फेरि एकपटक आशाको लहर चल्यो। तर दलहरूबीचको अविश्वास, सरकार परिवर्तनको क्रमिक शृंखला र स्वार्थकेन्द्रित राजनीतिका कारण स्थायित्व कायम हुन सकेन। यही अस्थिरताको पृष्ठभूमिमा सुरु भएको माओवादी सशस्त्र द्वन्द्वले मुलुकलाई दशकौँ पछाडि धकेल्यो। त्यसबीच भएको दरबार हत्याकाण्ड र त्यसपछिका निरंकुश कदमहरूले राज्य संयन्त्रलाई झन् कमजोर बनाए। राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनले लोकतान्त्रिक अभ्यासलाई अवरुद्ध गऱ्यो र अन्तर्राष्ट्रिय स्तरमा नेपालको छवि धुमिल बनायो।

२०६२/०६३ सालको जनआन्दोलनपछि संविधानसभा निर्वाचनमार्फत् नयाँ युगको सुरुआत गर्ने अपेक्षा गरियो। २०७० सालको दोस्रो संविधानसभा निर्वाचन र त्यसपछि २०७२ सालमा संविधान जारी हुँदा नेपाली समाजले स्थायित्व र समृद्धिको नयाँ अध्याय सुरु हुने विश्वास गरेको थियो। संघीय लोकतान्त्रिक गणतन्त्रको अवधारणाले शक्ति विकेन्द्रीकरण, स्थानीय सशक्तीकरण र समावेशी शासनको वाचा गऱ्यो। तर संविधान कार्यान्वयनको चरणमा दलहरू अलमलिन पुगे। संघीयता व्यवहारमा प्रभावकारी हुन सकेन। प्रदेश सरकारहरू अधिकारविहीन जस्ता देखिए, वित्तीय तथा प्रशासनिक अधिकार सिंहदरबारमै सीमित रहे। शक्ति केन्द्रीकरणको पुरानो प्रवृत्ति नयाँ संरचनामा पनि दोहोरियो। यसले संघीयताको मर्म कमजोर बनायो र नागरिक तहमा निराशा बढायो।

यस परिप्रेक्ष्यमा राजनीतिक स्थिरताको आधार बलियो र स्थायी सरकार हो। र स्थायी सरकारको एक मात्र वैधानिक माध्यम निर्वाचन हो। तर निर्वाचन मात्र हुनु पर्याप्त हुँदैन; त्यो प्रक्रिया निष्पक्ष, पारदर्शी र विश्वसनीय हुनुपर्छ। जब निर्वाचनप्रति नागरिकको विश्वास डगमगाउँछ, त्यतिबेला सम्पूर्ण शासन व्यवस्थाप्रति नै शंका उत्पन्न हुन्छ।

त्यसैले निर्वाचन आचारसंहिता पालनाको प्रश्न अत्यन्तै महत्त्वपूर्ण हुन्छ। नेपालमा विगतका धेरै निर्वाचनहरू प्राविधिक रूपमा सम्पन्न भए पनि आचारसंहिताको पूर्ण पालनामा प्रश्न उठ्ने गरेका छन्। सत्तामा बसेकाले राज्य संयन्त्र प्रयोग गरेको आरोप, चुनावी खर्चको अपारदर्शिता, सामाजिक सञ्जालमार्फत गलत प्रचार - यी सबैले लोकतन्त्रको गुणस्तर कमजोर बनाउँछन्। लोकतन्त्र केवल मतदानको दिन होइन; त्यो विश्वासको निरन्तर प्रक्रिया हो। आचारसंहिता त्यस विश्वासको रक्षा गर्ने कवच हो।

यदि हामीले विगतका घटनाक्रमबाट पाठ सिक्ने हो भने स्पष्ट देखिन्छ - जनमतको अवहेलना गर्दा अस्थिरता जन्मिन्छ, शक्ति केन्द्रीकरण गर्दा असन्तोष बढ्छ, र असन्तोषले अन्ततः प्रणाली नै संकटमा पार्छ। त्यसैले आजको आवश्यकता केवल निर्वाचन सम्पन्न गर्नु होइन, निर्वाचनप्रति जनविश्वास सुदृढ गर्नु हो। राजनीतिक स्थिरता विकासको पूर्वसर्त हो भने विश्वसनीय निर्वाचन त्यस स्थिरताको प्रवेशद्वार हो। इतिहासले देखाएको छ - जब जनमतको सम्मान हुन्छ, तब राष्ट्र अघि बढ्छ; जब जनमत दबाइन्छ, तब अस्थिरता र अविश्वास बढ्छ। २००७ सालदेखि आजसम्मको यात्रा यसकै साक्षी हो। अब प्रश्न यो छ कि हामी विगतको पुनरावृत्ति चाहन्छौँ कि स्थिर, समृद्ध र उत्तरदायी नेपाल निर्माण गर्न चाहन्छौँ ?

यदि आचारसंहितालाई कडाइका साथ लागू गरियो, निर्वाचन प्रक्रियामा पारदर्शिता कायम गरियो, र निर्वाचित प्रतिनिधिहरूले जनअपेक्षा अनुसार काम गरे भने मात्र राजनीतिक स्थिरता सम्भव छ। अन्यथा इतिहास फेरि दोहोरिन सक्छ - सरकार बदलिने, नीति बदलिने, तर जनताको जीवन नबदलिने। राजनीतिक स्थिरता कुनै नारा मात्र होइन; त्यो नागरिकको दैनिक जीवनसँग जोडिएको यथार्थ हो।

आवधिक निर्वाचन लोकतन्त्रको धड्कन हो। लोकतन्त्र केवल संविधानमा लेखिएको व्यवस्था होइन; त्यो त जनताको निरन्तर सहभागिताबाट जीवित रहने प्रणाली हो। जब निश्चित समयावधिमा नियमित रूपमा निर्वाचन हुन्छ, तब मात्र जनताले सत्तालाई प्रश्न गर्ने, मूल्यांकन गर्ने र आवश्यक परे परिवर्तन गर्ने अधिकार प्रयोग गर्न सक्छन्। यही प्रक्रियाले लोकतन्त्रलाई जीवित, चलायमान र उत्तरदायी बनाउँछ।

विश्वका जुनसुकै लोकतान्त्रिक देशको मूल्यांकन गर्दा ३ आधारभूत सूचक हेरिन्छ - नियमित र निष्पक्ष निर्वाचन, प्रेस स्वतन्त्रता र स्वतन्त्र न्यायपालिका। यदि निर्वाचन निष्पक्ष छैन भने सरकारको वैधता कमजोर हुन्छ। यदि प्रेस स्वतन्त्र छैन भने जनताले सत्य थाहा पाउँदैनन्। यदि न्यायपालिका स्वतन्त्र छैन भने अन्यायविरुद्धको अन्तिम ढोका बन्द हुन्छ। यी तीनै आधार परस्पर जोडिएका छन्, तर सुरुआतको विन्दु निर्वाचन नै हो। किनकि सरकारको संरचना र शक्ति सन्तुलनको प्रारम्भिक आधार जनमतबाटै तय हुन्छ।

नेपालको इतिहास नियाल्दा पनि आवधिक निर्वाचनको महत्त्व झनै स्पष्ट देखिन्छ। २०१५ सालको पहिलो संसदीय निर्वाचनले जनतामा आशा जगाएको थियो। तर त्यसपछि राजा महेन्द्रद्वारा निर्वाचित सरकार अपदस्थ गरिनु र पञ्चायती व्यवस्था लागू गरिनुले निर्वाचनमार्फत अभिव्यक्त जनमतको अवमूल्यन गऱ्यो। परिणामस्वरूप लोकतान्त्रिक अभ्यास अवरुद्ध भयो र देश दीर्घकालीन राजनीतिक स्थिरताबाट वञ्चित रह्यो। २०४६ सालपछि बहुदलीय व्यवस्था पुनःस्थापित भए पनि सरकार परिवर्तनको अस्थिर क्रमले जनविश्वास कमजोर बनायो। यही अस्थिरताका बीच संविधानसभा निर्वाचनमार्फत नयाँ संविधान जारी गरियो, तर त्यसको प्रभावकारी कार्यान्वयनमा देखिएको ढिलाइले जनतामा फेरि प्रश्न उठायो - के हाम्रो मतले साँच्चिकै परिवर्तन ल्याउँछ ?

यसैले आवधिक निर्वाचन केवल प्रतिनिधि चयन गर्ने प्रक्रिया मात्र होइन, यो लोकतन्त्रप्रतिको जनविश्वासको परीक्षा हो। जब नागरिक मतदान केन्द्रमा पुग्छन्, उनीहरूले केवल उम्मेदवार छानिरहेका हुँदैनन्; उनीहरूले आफ्नो आशा, अपेक्षा र भविष्य सुम्पिरहेका हुन्छन्। यदि निर्वाचन प्रक्रिया निष्पक्ष र पारदर्शी भयो भने परिणाम जे आए पनि नागरिकले स्वीकार गर्छन्। तर यदि धाँधली, दबाब, धनबल वा दुरुपयोगको आशंका उठ्यो भने परिणामप्रति असन्तोष बढ्छ। त्यो असन्तोषले राजनीतिक अस्थिरता जन्माउँछ।

लोकतान्त्रिक स्थायित्वका लागि स्वतन्त्र र निष्पक्ष निर्वाचन पहिलो र अनिवार्य सर्त किन हो भने यसले नै सरकारको नैतिक र संवैधानिक वैधता सुनिश्चित गर्छ। वैधता बलियो भए सरकार निर्णय लिन आत्मविश्वासी हुन्छ। नीतिगत निरन्तरता कायम रहन्छ। लगानीको वातावरण स्थिर हुन्छ। प्रशासनिक संयन्त्र स्पष्ट दिशामा अघि बढ्छ। तर निर्वाचनप्रति शंका रहेमा सरकारको प्रत्येक कदम विवादित बन्छ, विरोध तीव्र हुन्छ र अस्थिरता बढ्छ।

निर्वाचनको गुणस्तर केवल मतदानको दिनले निर्धारण गर्दैन; त्यो त सम्पूर्ण प्रक्रियाले तय गर्छ। मतदाता नामावलीको शुद्धता, उम्मेदवारी दर्ताको समान अवसर, प्रचारप्रसारमा समान पहुँच, निर्वाचन आचारसंहिताको पालना, खर्चको पारदर्शिता, मतगणनाको विश्वसनीयता - यी सबै पक्षले मिलेर निष्पक्षताको आधार तयार गर्छन्। जब राजनीतिक दलहरू आचारसंहिताभित्र रहन्छन्, राज्यस्रोतको दुरुपयोग गर्दैनन्, घृणात्मक भाषणबाट टाढा रहन्छन् र मतदातालाई प्रलोभन नदिने प्रतिबद्धता जनाउँछन्, तब निर्वाचनप्रति विश्वास सुदृढ हुन्छ।

आजको डिजिटल युगमा निर्वाचनको चुनौती झनै जटिल भएको छ। सामाजिक सञ्जालमार्फत फैलाइने गलत सूचना, चरित्रहत्या र भावनात्मक ध्रुवीकरणले मतदाताको निर्णय प्रक्रियामा प्रभाव पार्न सक्छ। त्यसैले प्रेस स्वतन्त्रता जत्तिकै जिम्मेवार पत्रकारिता पनि आवश्यक हुन्छ। स्वतन्त्र मिडियाले तथ्य जाँच गरी जनतालाई सही सूचना दिन सके मात्र मतदाताले सचेत निर्णय लिन सक्छन्। त्यसैगरी न्यायपालिकाले निर्वाचनसम्बन्धी विवादमा निष्पक्ष निर्णय दिनसके मात्र प्रक्रिया विश्वसनीय बन्छ।

आवधिक निर्वाचन लोकतन्त्रको नवीकरण प्रक्रिया हो। प्रत्येक निर्वाचनसँगै जनताले सत्तालाई सन्देश दिन्छन्, 'काम गरे पुरस्कृत हुन्छौँ, नगरे परिवर्तन हुन्छौँ।' यही सन्देशले शासनलाई उत्तरदायी बनाउँछ। तर यदि निर्वाचन केवल औपचारिकतामा सीमित भयो भने लोकतन्त्रको आत्मा कमजोर हुन्छ। त्यसैले निर्वाचनलाई उत्सव जस्तै मात्र होइन, उत्तरदायित्व जस्तै पनि लिनुपर्छ।नेपालजस्तो संघीय लोकतान्त्रिक गणतन्त्रमा त आवधिक निर्वाचन झनै महत्त्वपूर्ण छ। संघ, प्रदेश र स्थानीय तह तीनै स्तरमा नियमित र निष्पक्ष निर्वाचन भए मात्र संघीय संरचना सुदृढ हुन्छ। यदि कुनै तहमा निर्वाचनप्रति विश्वास घट्यो भने सम्पूर्ण संरचनामा असर पर्छ। त्यसैले निर्वाचन आयोगको स्वायत्तता, सुरक्षाकर्मीको तटस्थता, प्रशासनको निष्पक्षता र दलहरूको प्रतिबद्धता– यी सबै तत्त्व मिलेर लोकतन्त्रको जग मजबुत बनाउँछन्।

आवधिक निर्वाचन जनताको अधिकार मात्र होइन, जिम्मेवारी पनि हो। मतदान नगर्ने, प्रक्रियामा चासो नदखिाउने वा गलत सूचनामा आधारित निर्णय गर्ने प्रवृत्तिले पनि लोकतन्त्र कमजोर हुन्छ। सचेत नागरिक नै लोकतन्त्रको अन्तिम र सबैभन्दा बलियो सुरक्षा कवच हो। मतदान प्रक्रिया भयमुक्त, पारदर्शी र विश्वसनीय हुन्छ भन्ने अनुभूति मतदातामा जाग्नुपर्छ। यदि मतदाताले मतदान केन्द्रमा जाँदा कुनै प्रकारको दबाब, धम्की, हिंसा वा प्रभावको आशंका गर्छ भने त्यो निर्वाचनको गुणस्तरमाथि सीधा प्रश्न उठ्छ। त्यसैले निर्वाचन सुरक्षा केवल प्राविधिक वा प्रशासनिक व्यवस्थापनको विषय होइन; यो त नागरिकको मनोवैज्ञानिक विश्वाससँग जोडिएको प्रश्न हो।निर्वाचन सुरक्षाको पहिलो सर्त भौतिक सुरक्षा हो। मतदान केन्द्रसम्म सुरक्षित पहुँच, मतदानस्थल वरपर शान्त वातावरण, सुरक्षाकर्मीको तटस्थ र संयमित उपस्थिति - यी सबैले मतदातालाई निडर भएर मतदान गर्न प्रेरित गर्छन्। सुरक्षाकर्मीको भूमिका डर देखाउने होइन, सुरक्षा दिने हुनुपर्छ। जब नागरिकले राज्य संयन्त्रलाई आफ्नो अधिकारको रक्षकका रूपमा अनुभव गर्छन्, तब मात्र लोकतन्त्र बलियो हुन्छ।

नेपालको विगतका राजनीतिक अनुभवहरूले देखाएको छ कि जनमतप्रति अविश्वास पैदा हुँदा असन्तोष बढ्छ। २०१५ सालको निर्वाचनपछि जननिर्वाचित सरकार अपदस्थ गरिनु र त्यसपछि लामो समयसम्म जनताले आफ्नो मतमार्फत सरकार चयन गर्न नपाउनु लोकतान्त्रिक अभ्यासका लागि गम्भीर धक्का थियो। त्यतिबेला जनमतको सम्मान नभएपछि असन्तोष विस्तारै राजनीतिक अस्थिरतामा परिणत भयो। यसले स्पष्ट सन्देश दिन्छ - जनमतको संरक्षण नगर्दा व्यवस्था नै संकटमा पर्छ।निर्वाचन आचारसंहिताको कडाइका साथ पालना गराउनु पनि आयोगको प्रमुख जिम्मेवारी हो। यदि दलहरूले राज्यस्रोतको दुरुपयोग गरे, मतदातालाई प्रलोभन दिए वा घृणात्मक भाषणमार्फत समाजलाई विभाजित गरे र आयोग मौन रह्यो भने निर्वाचन निष्पक्ष हुँदैन। निष्पक्षता केवल परिणाममा होइन, प्रक्रियामा देखिनुपर्छ। समान अवसर, समान नियम र समान दण्डको सिद्धान्त लागू भए मात्र आयोगप्रति सम्मान बढ्छ।

सुरक्षित निर्वाचन नै स्थिर सरकारको आधार हो। जब सरकार निष्पक्ष प्रक्रियाबाट निर्वाचित हुन्छ, त्यसको वैधता बलियो हुन्छ। विपक्षी दलले पनि परिणाम स्वीकार्छन्, नागरिकले पनि निर्णयलाई मान्यता दिन्छन्। त्यसपछि सरकार नीतिगत निर्णयमा केन्द्रित हुन सक्छ। तर यदि निर्वाचन विवादित भयो भने सरकारको प्रत्येक कदम शंकाको घेरामा पर्छ। विरोध, अविश्वास र अस्थिरता बढ्छ। त्यसैले निष्पक्ष निर्वाचन राजनीतिक स्थिरताको आधारस्तम्भ हो।

राजनीतिक स्थिरताबिना दीर्घकालीन विकास सम्भव हुँदैन। लगानी, पूर्वाधार निर्माण, सामाजिक सुधार - यी सबै दीर्घकालीन योजना हुन्। बारम्बारको अस्थिरता र अविश्वासले ती योजना अधुरै छोड्छ। तर जब जनमतको सम्मान गर्दै लोकतान्त्रिक मूल्यमान्यता व्यवहारमा उतारिन्छ, तब दीर्घकालीन शान्ति सम्भव हुन्छ। शान्त वातावरणमा मात्र आर्थिक गतिविधि विस्तार हुन्छ, रोजगारी सिर्जना हुन्छ र नागरिकको जीवनस्तर उकासिन्छ।अन्ततः निर्वाचन आयोग केवल कानुनी संरचना होइन; यो लोकतन्त्रप्रतिको जनआस्थाको केन्द्र हो। आयोगले स्वतन्त्रता, पारदर्शिता र निष्पक्षता कायम राख्नसके मात्र आममतदाताले आफ्नो मत सुरक्षित छ भन्ने विश्वास गर्छन्। त्यो विश्वास नै मतदानस्थलसम्म नागरिकलाई ल्याउने प्रेरणा हो। र जब नागरिक निडर, स्वतन्त्र र सचेत भएर मतदान गर्छन्, त्यहीँबाट स्थिर सरकार र सुदृढ लोकतन्त्रको यात्रा सुरु हुन्छ। जनमतको सम्मान गर्दै अगाडि बढ्ने राष्ट्र मात्र दीर्घकालीन शान्ति र विकासको मार्गमा अघि बढ्न सक्छ।

# स्वच्छ बजार र उपभोक्ता हित : कानुनी प्रबन्ध र कार्यान्वयनको चुनौती


नेत्र सुवेदी 'प्रयास'

व्यवसायीहरूले आफ्ना सदस्यहरूलाई यस आचारसंहिताको पालना गराउनसके सरकारी अनुगमनको बोझ स्वतः कम हुन्छ। बजार नियमन 'सजायमुखी' भन्दा पनि 'सुधारमुखी' हुनुपर्छ भन्ने निजी क्षेत्रको मागलाई सरकारले सकारात्मक रूपमा लिँदै सहकार्यको मोडेल अपनाउनु पर्दछ।

नेपालको संविधानले उपभोक्ता हित संरक्षणलाई मौलिक हकका रूपमा स्थापित गरेको छ। प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने र गुणस्तरहीन वस्तु वा सेवाबाट हानि पुगेमा कानुनबमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरिएको छ। तर, संवैधानिक र कानुनी व्यवस्थाका बाबजुद व्यवहारमा उपभोक्ताहरू अझै पनि ठगी, मिसावट र कृत्रिम अभावको चक्रब्यूहबाट मुक्त हुन सकेका छैनन्। बजार अनुगमनको सन्दर्भमा विद्यमान जटिलता, निजी क्षेत्रको भूमिका र आगामी सुधारका मार्गचित्रबारे गम्भीर बहस आवश्यक देखिएको छ।

वर्तमान बजारमा एउटा विरोधाभासपूर्ण दृश्य देखिन्छ। एकातिर प्रविधिको विकाससँगै बजार आधुनिक बन्दै छ, अर्कोतिर उपभोक्ता ठगिने नयाँ-नयाँ स्वरूपहरू जन्मिएका छन्। हालसालै बजारमा एउटा विस्कुट 'भाइरल' भयो, जसको मूल्य अत्यधिक छ तर उत्पादकको पहिचान खुल्दैन। यस्ता बेनामे र गुणस्तर नखुलेका वस्तुको बिगबिगीले हाम्रो नियमनकारी संयन्त्रलाई चुनौती दिइरहेको छ।

**विशेषगरी निर्वाचनको समयमा बजारमा अस्वाभाविक महँगी बढ्ने गरेको छ। चामल, खाने तेल जस्ता अत्यावश्यक खाद्यान्नको मूल्य विनाकारण बढाइन्छ। ग्यासको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने र फरक कम्पनीका सिलिन्डर साट्न नमान्ने जस्ता समस्याले उपभोक्तालाई सास्ती दिएको** छ। मुख्य सहरी क्षेत्रमै म्याद नाघेका र मिसावटयुक्त सामान छ्यापछ्याप्ती पाइनुले बजार अनुगमनको प्रभावकारितामाथि प्रश्न उठाएको छ। सेवा क्षेत्रको अवस्था पनि उस्तै छ; चाहे यातायात होस् वा बैंक, उपभोक्ताले अनावश्यक सर्त र हैरानी खेप्नुपर्ने बाध्यता छ।

बजार र उपभोक्ताबीच सधैँ एउटा 'रुचिको द्वन्द्व' विद्यमान रहन्छ। बजारको मुख्य उद्देश्य अधिकतम नाफा कमाउनु हुन्छ, जबकि उपभोक्ताको अपेक्षा गुणस्तरीय वस्तु सस्तो मूल्यमा पाउनु हुन्छ। जब नाफा कमाउने होडमा व्यापारीहरूले मूल्य निर्धारणमा मनपरीतन्त्र, तौल वा नापमा हेरफेर, र भ्रामक विज्ञापनको साहारा लिन्छन्, तब उपभोक्ता अधिकारको हनन सुरु हुन्छ। यस द्वन्द्वको समाधान केवल छापा मार्नु वा जरिमाना गर्नु मात्र होइन। यसका लागि उपभोक्ता संरक्षण ऐनको प्रभावकारी कार्यान्वयन, नियमित बजार अनुगमन र व्यावसायिक नैतिकताको प्रवर्द्धन अनिवार्य छ।

उपभोक्ता संरक्षण ऐन, २०७५ ले धेरै प्रगतिशील व्यवस्था गरेको छ। उपभोक्ता अदालतको गठन र कार्यप्रारम्भ हुनु पछिल्लो समयको ठुलो उपलब्धि हो। तर, कानुनी व्यवस्था र व्यवहारबीच ठुलो खाडल छ। ऐनले २० प्रतिशतभन्दा बढी नाफा लिनुलाई कालोबजारी भनेको छ, तर कुन वस्तुमा यो लागू हुने र कुनमा नहुने भन्ने गहिरो विश्लेषणको अभाव छ।

संघीयताको मर्मअनुसार ऐनको दफा २७ र २८ ले प्रदेश र स्थानीय तहलाई पनि बजार अनुगमनको अधिकार दिएको छ। तर, सबै तहमा आवश्यक कानुन र जनशक्ति नहुँदा अनुगमन कार्य केन्द्रिकृत नै देखिन्छ। बजार अनुगमन टोलीमा विशेषज्ञको अभाव हुनु र खाद्य प्रविधि, गुणस्तर तथा नापतौल, औषधि व्यवस्था जस्ता विभागहरूबीच समन्वयको कमी हुनुले पनि कारबाही प्रक्रिया फितलो बनेको छ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग उपभोक्ता हित रक्षा गर्ने मुख्य निकाय हो। विभागसँग बृहत् कानुनी आधार छ। ई-कमर्स र भ्रामक विज्ञापनलाई दायरामा ल्याउने अधिकार, पसल सिलबन्दी गर्ने र तत्काल जरिमाना गर्ने कार्यकारी शक्ति विभागसँग छ। अनौपचारिक क्षेत्रको दबदबा हुनु र स्रोत-साधनको कमी मुख्य समस्या हो। काठमाडौँ बाहिर अनुगमन शून्यप्रायः छ। विभागसँग आफ्नै फोरेन्सिक ल्याब र विशेषज्ञ जनशक्तिको अभाव छ, जसले गर्दा परीक्षणका लागि अन्य निकायको मुख ताक्नुपर्छ।

डिजिटल बजारको विस्तारसँगै ई-कमर्सलाई नियमन गरी विश्वास जित्ने मौका छ। निजी क्षेत्रका संगठनहरूसँगको सहकार्य र एआईको प्रयोग गरी मूल्य विश्लेषण गर्ने सम्भावना प्रवल छ। सामाजिक सञ्जालमार्फत हुने अनौपचारिक व्यापारलाई कानुनी दायरामा ल्याउनु कठिन छ। 'छायाँ अर्थतन्त्र' र राजनीतिक-व्यापारिक घरानाको दबाबले अनुगमनलाई सधैँ जोखिमपूर्ण बनाउँछ।

उपभोक्ता हितको संरक्षण एउटा जटिल 'इकोसिस्टम' हो। यसमा सरकारी नियामक निकाय, निजी क्षेत्र, नागरिक समाज र मिडियाको भूमिका महत्त्वपूर्ण हुन्छ। विभाग, उपभोक्ता संरक्षण परिषद्, उपभोक्ता अदालत र स्थानीय तह यसमा पर्दछन्। उनीहरूले नीति निर्माण र कार्यान्वयनमा नेतृत्व लिनुपर्छ। निजी क्षेत्र र व्यावसायिक फर्महरूको पनि आफ्नै कर्तव्य छन्। उनीहरूले नाफासँगै व्यावसायिक आचारसंहितालाई पनि प्राथमिकता दिनुपर्छ। उपभोक्ता हकहितका संस्थाहरू र मिडियाहरूले बजारका छिद्रहरू औँल्याउने र जनचेतना फैलाउने कार्य गर्छन्। जसलाई सकरात्मक रूपमा लिनुपर्छ।

बजार अनुगमनलाई निजी क्षेत्रले सधैँ 'हस्तक्षेप' का रूपमा मात्र हेर्नु हुँदैन। उद्योग वाणिज्य महासंघले २० वर्षअघि नै १८ बुँदे व्यावसायिक आचारसंहिता पारित गरेको थियो। जसमा राष्ट्रको अहित नगर्ने, गुणस्तरीय सामान उचित मूल्यमा दिने, कृत्रिम अभाव सिर्जना नगर्ने र वातावरणीय संरक्षणमा ध्यान दिने जस्ता महत्त्वपूर्ण बुँदाहरू छन्। व्यवसायीहरूले आफ्ना सदस्यहरूलाई यस आचारसंहिताको पालना गराउनसके सरकारी अनुगमनको बोझ स्वतः कम हुन्छ। बजार नियमन 'सजायमुखी' भन्दा पनि 'सुधारमुखी' हुनुपर्छ भन्ने निजी क्षेत्रको मागलाई सरकारले सकारात्मक रूपमा लिँदै सहकार्यको मोडेल अपनाउनु पर्दछ।

## सुधारका लागि आगामी कदम

बजारलाई स्वच्छ र उपभोक्तामैत्री बनाउन विभिन्न कार्यहरू तत्काल गरिनुपर्छ। उजुरी सुन्नका लागि अन्तरक्रियात्मक 'कन्जुमर एप' र एआईमा आधारित मूल्य विश्लेषण प्रणाली लागू गर्ने। वडा तहसम्मै साना उजुरी सुन्ने र बजार अनुगमन गर्ने म्यान्डेट र क्षमता विकास गर्ने। अनलाइन व्यापारलाई व्यवस्थित गर्न ई-कमर्स निर्देशिकाको शीघ्र कार्यान्वयन गर्ने। विद्यालयको पाठ्यक्रमदेखि नै उपभोक्ता शिक्षा समावेश गर्ने र 'विल लिने' संस्कृतिको विकास गर्ने। विभिन्न नियामक निकायहरू (खाद्य, औषधि, नापतौल) बीच सूचना र विज्ञताको आदानप्रदानका लागि स्थायी संयन्त्र बनाउने। उपभोक्ता हित संरक्षण केवल सरकारको मात्र जिम्मेवारी होइन, यो उत्पादक, बिक्रेता र उपभोक्ता स्वयंको साझा दायित्व हो। बजारमा अनुशासन कायम हुँदा अन्ततः व्यवसायीकै विश्वसनीयता बढ्छ र अर्थतन्त्र बलियो हुन्छ। विश्व उपभोक्ता अधिकार दिवस (मार्च १५, २०२६) को सन्दर्भमा, हामी सबैले 'स्वच्छ बजार र सचेत उपभोक्ता' को संकल्प लिनु जरुरी छ। नियमनका दस्तावेजहरूलाई अन्तिम रूप दिनुअघि सरोकारवालाको सुझाव लिने र कार्यान्वयनमा पारदर्शिता अपनाउने हो भने नेपालको बजारले नयाँ उचाइ लिने निश्चित छ।

## आजको राशिफल

| | | | | | |
|---|---|---|---|---|---|
| मेष व्यय। | मिथुन बाधा। | सिंह रोग। | तुला भय। | धनु सम्मान। | कुम्भ -विवाद। |
| वृष धन हानि। | कर्कट विजय। | कन्या आनन्द। | वृश्चिक आयवृद्धि। | मकर परेशान। | मीन यात्रा। |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# नेपाली अर्थतन्त्र रोचक र चुनौतीपूर्ण अवस्थामा



■ सौर्य समाचार

काठमाडौं। नेपाली अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा रहेको तथ्य सार्वजनिक भएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको पछिल्लो अर्ध-वार्षिक प्रतिवेदन (माइक्रोइकोनोमिक रिपोर्ट)ले नेपाली अर्थतन्त्र रोचक तथा चुनौतीपूर्ण अवस्थामा रहेको तथ्य सार्वजनिक गरेको हो। प्रतिवेदनअनुसार विदेशी विनिमय सञ्चिति र शोधनान्तर स्थिति इतिहासकै बलियो अवस्थामा छ, भने राजस्व परिचालन र पुँजीगत खर्चको अवस्था निराशाजनक अवस्थामा छ। जसको कारण आगामी दिनमा आर्थिक वृद्धिको लक्ष्य भेट्टाउन कठिन हुने देखिएको छ।

नेपालको आर्थिक वृद्धि पछिल्लो दशकमा ४ वटा मुख्य धक्काहरू २०७२ सालको महाभूकम्प, २०७२ सालकै राजनीतिक पुनर्संरचना, कोभिड-१९ महामारी र हालैको जेन-जी आन्दोलन सामना गरेपछि मध्यम अवस्थामा रहेको राष्ट्र बैंकले उल्लेख गरेको छ। प्रतिवेदनअनुसार कुल गार्हस्थ उत्पादन (जिडिपी) को संरचना परिवर्तन हुन पुगेको छ।

जसमा सेवा क्षेत्रको विस्तार र कृषि तथा उद्योग क्षेत्रको संकुचन भइरहेको छ। त्यसैगरी, नेपालमा कुल माग मुख्यतया उपभोगद्वारा निर्देशित छ, जसलाई निजी लगानी र सरकारी खर्चले पछ्याएको छ। पछिल्ला दशकहरूमा मुद्रास्फीति स्थिर रहे पनि गैर-खाद्य मुद्रास्फीतिको तुलनामा खाद्य मुद्रास्फीति (महँगी) बढी अस्थिर हुने प्रवृत्ति देखिएको छ।

उपभोक्ता मूल्य सूचकांकको सूचीमा खाद्य र पेय पदार्थको हिस्सा घट्दै गएकाले मुद्रास्फीतिको संरचनामा परिवर्तन आएको प्रतिवेदनमा उल्लेख छ। विनिमय दरको आबद्धता, उच्च व्यापार सम्बन्ध र अन्य संरचनात्मक कारकहरूका कारण नेपालको मुद्रास्फीति भारतीय मुद्रास्फीतिसँग मिल्दोजुल्दो देखिन्छ।

राष्ट्र बैंकका‌अनुसार मौद्रिक क्षेत्र मिश्रित रहेको छ, जहाँ वित्तीय क्षेत्रका चुनौतीहरूका बीच प्रणालीमा पर्याप्त तरलता छ। २०३७ र २०४७ सालको दशकमा अपनाइएको उदारीकरण नीतिपछि वित्तीय गहिराई उल्लेखनीय रूपमा बढेको छ। विस्तृत मुद्रा प्रदाय र निक्षेप नेपालको जिडिपीभन्दा माथि छ भने कर्जा प्रवाह जिडिपीको हाराहारी छ।

मौद्रिक नीतिको अडान अनुरूप सन् २०२३ को मध्यदेखि अल्पकालीन ब्याजदर घट्न थालेका थिए, जुन अहिले नीतिगत करिडोरको तल्लो सीमा वरपर स्थिर भएका छन्। कर्जाको ब्याजदर ऐतिहासिक रूपमा न्यून छ, निक्षेपको दर ३ प्रतिशतभन्दा तल झरेको छैन। राष्ट्र बैंकले 'स्थायी निक्षेप सुविधा' लगायतका उपकरणहरू प्रयोग गरी प्रभावकारी रूपमा तरलता प्रशोचन गरिरहेको छ। पछिल्लो दशकमा वित्तीय पहुँचमा उल्लेख्य सुधार आएको छ र वाणिज्य बैंकका शाखाहरू सबै ७५३ स्थानीय तहमा पुगेका छन्।

## वित्तीय स्थायित्व सन्तोषजनक तर चुनौतीपूर्ण

राष्ट्र बैंकको प्रतिवेदनअनुसार वित्तीय स्थायित्वका उपायहरू सन्तोषजनक तर चुनौतीपूर्ण छन्। पुँजी पर्याप्तता अनुपात नियामक सीमाभन्दा माथि र तरल सम्पत्ति पर्याप्त भए तापनि पछिल्ला २ वर्षमा निष्क्रिय सम्पत्ति (एनपिए) उल्लेखनीय रूपमा बढ्दा बैंक तथा वित्तीय संस्थाहरूको वासलातमा दबाब सिर्जना गरेको छ। हालैको तथ्यांकले भने निष्क्रिय कर्जा स्थिर हुँदै असुलीमा सुधार भएको देखाएको र भुक्तानी प्रणालीको पूर्वाधार, उत्पादन र प्रयोगमा उल्लेख्य प्रगति भएको छ। त्यस्तै, आर्थिक कारोबारको डिजिटलाइजेसन बढेको राष्ट्र बैंकले जनाएको छ।

## बाह्य क्षेत्र सुदृढ

अर्थतन्त्रको बाह्य क्षेत्र सुदृढ भए पनि दिगो नदेखिएको अवस्था छ। बाह्य क्षेत्रका सूचकहरूमा सुधार आएको भए तापनि व्यापार घाटा अझै उच्च छ। निर्यात वृद्धि मुख्यतया खानेतेलको निर्यातमा निर्भर रहेकाले जोखिमपूर्ण छ। शोधनान्तर स्थिति रेकर्ड बचतमा छ, जसले विदेशी विनिमय सञ्चिति बढेको देखाउँछ; तर यो बचत मुख्यतया विप्रेषण (रेमिट्यान्स) आप्रवाहमा आधारित छ। भारतीय रुपैयाँसँगको स्थिर विनिमय दरले व्यापार र लगानी प्रवाहलाई स्थिर बनाएको छ, तर अन्य मुद्राहरूसँगको विनिमय दर अस्थिर रहँदा अवमूल्यनको दबाब कायम छ।

## राजस्व र वित्तीय क्षेत्रको प्रदर्शन मिश्रित

राजस्व र वित्तीय क्षेत्रको प्रदर्शन मिश्रित छ। कोभिड-१९ महामारीपछि प्रमुख वित्तीय सूचकहरूमा सुधारका संकेत देखिएका छन्, तर राजस्व परिचालन अझै कमजोर छ र महामारी पूर्वको स्तरमा फर्कन सकेको छैन। खर्चको संरचना अझै पनि चुनौतीपूर्ण छ, पुँजीगत खर्च न्यून छ र खर्च गर्ने प्रवृत्ति मौसमी (आर्थिक वर्षको अन्त्यमा बढी) छ। निरन्तरको नकारात्मक वित्तीय सन्तुलन र वैदेशिक अनुदानमा आएको कमीले वित्तीय आवश्यकतालाई अझ बढाएको छ। यसले गर्दा सार्वजनिक ऋणको भार बढेको राष्ट्र बैंकले उल्लेख गरेको छ।

आन्तरिक ऋणमा बढी केन्द्रित हुनु अर्को चुनौती हो, जसले ब्याजदर र 'रोलओभर' जोखिम निम्त्याउँछ। यद्यपि, नेपालको समग्र ऋणको स्तर क्षेत्रीय औसत र ऋण दिगोपनको जोखिमभन्दा धेरै तल छ, त्यसैले सरकारसँग आर्थिक उत्पादकत्व र रोजगारी बढाउने क्षेत्रमा खर्च गर्ने क्षमता अझै छ।

## आर्थिक परिदृश्य स्थिर रहने

जेनजी आन्दोलनका कारण राजनीतिक र सामाजिक अशान्ति भए तापनि आर्थिक परिदृश्य स्थिर रहने अपेक्षा गरिएको छ। उपभोक्ता मुद्रास्फीति ४ प्रतिशतको हाराहारीमा रहने अनुमान छ, जुन वार्षिक लक्ष्य ५ प्रतिशतभन्दा कम हो। आर्थिक वृद्धि ४ प्रतिशतको आसपास रहने अपेक्षा गरिएको छ, जुन ६ प्रतिशतको वार्षिक लक्ष्यभन्दा न्यून हो।

बाह्य क्षेत्र स्थिर रहने र चालु खाता तथा शोधनान्तर स्थिति बचतमा रहने प्रक्षेपण गरिएको छ। बजारमा तरलता उच्च रहने र प्रभावकारी तरलता प्रशोचनले ब्याजदर स्थिर राख्ने अपेक्षा छ। उच्च रेमिट्यान्सका कारण मुद्रा प्रदाय वार्षिक लक्ष्य अनुरूप नै बढ्ने देखिन्छ। यद्यपि, कर्जा विस्तारमा हुने सुधार भने सरकारी खर्चमा हुने वृद्धि र स्थिर सरकार गठनसँगै लगानीको वातावरणमा आउने सुधारमा निर्भर रहनेछ।

नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय सर्वोत्तम अभ्यासहरूलाई पछ्याउँदै अर्ध-वार्षिक रूपमा समष्टिगत आर्थिक प्रतिवेदन प्रकाशन गर्न सुरु गरेको छ। प्रतिवेदनले प्रमुख समष्टिगत आर्थिक चरहरूको प्रक्षेपणसहित विस्तृत आर्थिक निदान र आर्थिक परिदृश्य प्रदान गर्ने राष्ट्र बैंकको दाबी छ।

## बढ्दो भू–राजनीतिक तनावले अनिश्चितता

प्रतिवेदनअनुसार बढ्दो भू-राजनीतिक तनावले विश्वव्यापी नीति र व्यापारमा अनिश्चितता बढाएको छ भने आन्तरिक रूपमा राजनीतिक संक्रमणका कारण केही जोखिमहरू देखिएका छन्।

भू-राजनीतिक र व्यापारिक तनावका बाबजुद विश्व अर्थतन्त्र व्यापक रूपमा लचिलो देखिएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को 'वर्ल्ड इकोनोमिक आउटलुक' (जनवरी २०२६) अनुसार सन् २०२४ र २०२५ मा मुद्रास्फीति न्यून र आर्थिक वृद्धि स्थिर रहने देखिएको छ, भने २०२६ का लागि पनि यस्तै प्रक्षेपण गरिएको छ।

विश्वव्यापी आर्थिक वातावरण सहज हुँदै जाँदा विश्वको उत्पादन वृद्धि ३.३ प्रतिशत र मुद्रास्फीति ३.८ प्रतिशत रहने अपेक्षा गरिएको छ। विकसित र उदीयमान अर्थतन्त्रका केन्द्रीय बैंकहरूले कुल माग बढाउन नीतिगत दर कटौतीमार्फत मौद्रिक नीतिलाई सहज बनाउन थालेका छन्। दक्षिण एसियामा भने जोखिमहरूलाई सम्बोधन गर्न चालिएका कदम र सावधानीपूर्वक अपनाइएको लचिलो मौद्रिक नीतिका बाबजुद आर्थिक वृद्धि सुस्त रहने अपेक्षा गरिएको छ।

# घरजग्गा कारोबारसम्बन्धी नयाँ व्यवस्था स्थगित



■ सौर्य समाचार

काठमाडौं। सरकारले महानगरपालिका र उपमहानगरपालिकाभित्र ३ करोड रुपैयाँभन्दा बढी मूल्यका घरजग्गा कारोबार अनिवार्य रूपमा इजाजतप्राप्त कम्पनीमार्फत गर्नुपर्ने निर्णय तत्कालका लागि स्थगित गरेको छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागले मंगलबार (फागुन १९ गते) मातहतका मालपोत कार्यालयहरूलाई सूचना जारी गर्दै हाललाई पुरानै प्रक्रियाअनुसार कामकारबाही अघि बढाउन निर्देशन दिएको हो।

विभागले गत ८ फागुनमा जारी गरेको उक्त व्यवस्थासम्बन्धी परिपत्र प्राविधिक तयारी अपुग रहेको भन्दै स्थगन गरेको जनाएको छ। मालपोत नियमावली, २०३६ को नियम २३ (ठ) अनुसार इजाजतप्राप्त व्यक्ति वा संस्थाले अनिवार्य रूपमा भू-सेवा केन्द्र सञ्चालन गरी भू-सूचना प्रणालीमार्फत कारोबार गर्नुपर्ने व्यवस्था छ। यद्यपि सरकारबाट इजाजत पाएका ३६ वटा कम्पनीले हालसम्म भू-सेवा केन्द्र सञ्चालनको अनुमति नपाएको र आवश्यक प्राविधिक काम बाँकी रहेको कारण अर्को सूचना नआएसम्मका लागि नियम कार्यान्वयन स्थगित गरिएको हो।

यसअघि मालपोत ऐन, २०३४ को दफा २६ (क) अनुसार ३६ वटा कम्पनीलाई कारोबारको इजाजत दिइएको थियो। सो व्यवस्थाअनुसार २५ फागुनदेखि काठमाडौं, ललितपुर, भरतपुर, वीरगन्ज, विराटनगरलगायत ११ उपमहानगरपालिकामा ३ करोडभन्दा बढी थैली अंकको घरजग्गा कारोबार ती सूचीकृत कम्पनीमार्फत मात्र गर्ने तयारी थियो। नयाँ व्यवस्था स्थगित भएसँगै सर्वसाधारणले तत्कालका लागि पुरानै प्रक्रियाबाट घरजग्गा लिखत पारित र नामसारी गर्न सक्नेछन्। इजाजतप्राप्त कम्पनीहरूले आवश्यक प्राविधिक तयारी पूरा गरी भू-सेवा केन्द्र सञ्चालनको अनुमति पाएपछि मात्रै यो प्रणाली पुनः लागू हुने विभागले जनाएको छ।

विभागका अनुसार हालसम्म ४४ कम्पनीले अनुमतिपत्र लिइसकेका छन्। लाइसेन्सका लागि १९७ कम्पनीको आवेदन परेकामा केही कालोसूचीमा परेको र केही प्रक्रियामै रहेका विभागले जनाएको छ। अनुमतिपत्र दिने निर्णय भएपछि उक्त फर्म वा कम्पनीले एकपटकमा ५ करोड रुपैयाँसम्म कारोबार गर्नेको हकमा ५ लाख रुपैयाँ र १ पटकमा ५ करोड रुपैयाँभन्दा घटी वा बढी जतिसुकै रकमको कारोबार गर्नेको हकमा १० लाख रुपैयाँ शुल्क बुझाउनुपर्ने मालपोत नियमावली, २०३६ मा उल्लेख छ। लाइसेन्स पाइसकेका कम्पनीले ६ महानगरपालिका र ११ उपमहानगरभित्र कारोबार गर्न पाउनेछन्।

# तनहुँ जलविद्युत्‌द्वारा ९२ योजना सम्पन्न

■ सौर्य समाचार

तनहुँ। तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामार्फत ९२ वटा योजना सम्पन्न भएका छन्। आयोजनाको प्रभावित क्षेत्रमा सामुदायिक उत्तरदायित्वअन्तर्गत ९२ योजना सम्पन्न भएका हुन् भने ८ वटा सञ्चालनमा आएका छन्।

आयोजना प्रमुख श्यामजी भण्डारीले आयोजनाको सामुदायिक विकास कार्यक्रमअन्तर्गत प्रभावित क्षेत्रहरूमा उपभोक्ता समितिमार्फत सामुदायिक विकास तथा जीविकोपार्जन पुनःस्थापन कार्यक्रम सञ्चालन गरिएको बताए। उपभोक्ता समितिमार्फत सञ्चालित योजना वातावरणीय तथा सामाजिक व्यवस्थापन सेवा प्रदायकबाट नियमित रूपमा अनुगमन गरिएको उनको भनाइ छ।


उनका अनुसार ऋषिङ-७ स्थित माछदाङ टुनीबोट ट्रेल पुलसम्मको पहुँच सडक, म्याग्दे गाउँपालिका-३ स्थित किलचोक शाखा सडकको नाला निर्माण, भीमाद नगरपालिका-५ स्थित फेदीखोला मोटरेबल पुल निर्माण, ऋषिङ गाउँपालिका-७ स्थित डाँडीवन चुलेसी पहुँच मार्ग, ऋषिङ गाउँपालिका र म्याग्दे गाउँपालिका जोड्ने सेती नदीमाथि चुलेसी, टुनीबोटे, ब्ल्याङ र टुटुवामा गरिने ४ वटा झोलुंगे पुलका लागि लठ्ठा आपूर्ति तथा ढुवानी, वानटाङ खोलामा पक्की पुल निर्माण, व्यास नगरपालिका-५ पाटनमा पहुँच सडकसँग जोडिएको स्थानबाट गाउँतर्फ जाने सडक र ऋषिङ गाउँपालिका-१ स्थित खानेपानी मुहान तथा पाइप सुधार सहयोग कार्यक्रम सञ्चालनमा रहेका छन्।

आयोजना निर्माणका लागि समुदायको महत्त्वपूर्ण भूमिका रहने भएकाले सामाजिक कामलाई प्राथमिकता दिइएको भण्डारीले बताए। उनले भने, 'समुदायसँग सहकार्य गर्दै आयोजनालाई सम्पन्न गराउनेतर्फ हामी लागिपरेका छौं, विभिन्न सामाजिक काममा आयोजनाको तर्फबाट सहयोग रहँदै आएको छ।'

आयोजनाको चरण-१ अन्तर्गत बाँधसहित संरचना (हेडबर्क्स), चरण-२ अन्तर्गत मुख्य सुरुङ, विद्युत्‌गृह तथा सम्बन्धित उपकरणहरू र चरण-३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको आयोजना प्रमुख भण्डारीले जानकारी दिए। कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले ८ करोड ५० लाख र नेपाल सरकारको समन्वयमा नेपाल विद्युत् प्राधिकरणले ८ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

# ट्राभल ट्रेड सो आइटिबीमा नेपाल सहभागी

■ सौर्य समाचार



काठमाडौं। नेपालले जर्मनीमा आयोजित विश्वको अग्रणी ट्राभल ट्रेड शो आइटिबी (इन्टरनेसनल टुरिजम् एक्सचेञ्ज), बर्लिनमा सहभागिता जनाएको छ। यही मार्च ३ तारिखदेखि सुरु भई ५ तारिखसम्म जारी रहने आइटिबी बर्लिनमा नेपालको सहभागिता व्यापारिक उपस्थिति मात्र नभई विश्व पर्यटन बजारमा नेपालको सम्भावनालाई पुनः स्थापित गर्ने रणनीतिक प्रयास भएको पर्यटन बोर्डका वरिष्ठ अधिकृत रोविन रेग्मीले बताए।

हिमालयका रोमाञ्चक ट्रेकिङ पदमार्गदेखि प्राचीन मन्दिरहरूको सम्पदा, शान्त परिवेश, विविध सांस्कृतिक तथा धार्मिक परम्परा, अनुपम प्राकृतिक सौन्दर्यलगायत अनुभवलाई अन्तर्राष्ट्रिय बजारमा प्रभावकारी रूपमा प्रवर्द्धन गर्ने लक्ष्य बोर्डले अघि सारेको उनले जानकारी दिए। बर्लिनस्थित नेपाली दूतावासका कार्यवाहक प्रमुख सागर फुयालले नेपाल प्याभिलियनको उद्घाटन र अवलोकन गरेका थिए। कार्यक्रममा बोर्डका वरिष्ठ अधिकृत रेग्मी, सिर्जना नेपाली र शिवराज पाण्डे उपस्थिति थियो।

बोर्डका वरिष्ठ अधिकृत रेग्मीले भने, 'आइटिबी बर्लिनमा नेपालको सहभागिता अन्तर्राष्ट्रिय साझेदारहरूसँग सम्बन्ध विस्तार गर्ने अवसर मात्र होइन, नेपालको पर्यटन सम्भावनालाई विश्वसामु पुनःप्रस्तुत गर्ने प्रतिबद्धता पनि हो। चुनौतीका बाबजुत नेपाललाई 'घुम्नैपर्ने गन्तव्य'का रूपमा स्थापित गर्न हामी लागिरहेका छौं।'


उनका अनुसार नेपाल अब केवल हिमाल आरोहण वा ट्रेकिङमा सीमित गन्तव्य नभई बहुआयामिक अनुभव प्रदान गर्ने समग्र पर्यटन गन्तव्यका रूपमा उभिएको छ। प्याराग्लाइडिङ, बन्जीजम्प, राफ्टिङ, माउन्टेन बाइकिङलगायत साहसिक खेलकुदसँगै ऐतिहासिक दरबार क्षेत्र, प्राचीन मन्दिर, बौद्ध स्तूप र जीवित सांस्कृतिक सम्पदाको अवलोकन गर्न सकिने अवसर नेपालमा उपलब्ध छन्। साथै योग ध्यान, आयुर्वेदिक उपचार तथा प्राकृतिक परिवेशमा सञ्चालन हुने 'वेलनेस रिट्रिट'हरूले मानसिक तथा शारीरिक सन्तुलन खोज्ने पर्यटकलाई आकर्षित गरिरहेका रेग्मीले उल्लेख गरे।

समुदायमा आधारित होमस्टे, वातावरणमैत्री रिसोर्ट तथा स्थानीय उत्पादनमा आधारित सेवाले नेपालको पर्यटनलाई दिगो र समावेशी बनाउने प्रयासलाई थप सुदृढ बनाएका उनको भनाइ छ। विश्व बजारमा प्रतिस्पर्धा तीव्र भइरहेका बेला नेपालले आफ्नो मौलिकता, प्राकृतिक सम्पदा र आत्मीय आतिथ्यलाई बलियो ब्रान्डका रूपमा स्थापित गर्न खोजिरहेको वरिष्ठ अधिकृत रेग्मीले बताए। एकै गन्तव्य, अनेक अनुभवको अवधारणामार्फत अन्तर्राष्ट्रिय यात्रुलाई साहसिकता, आध्यात्मिक शान्ति र सांस्कृतिक गहिराइको समग्र अनुभव दिने दीर्घकालीन रणनीति बोर्डले अघि बढाएको जनाएको छ।

आइटिबी बर्लिनमा २५ वटा नेपाली कम्पनीहरूको सहभागितामार्फत अन्तर्राष्ट्रिय ट्राभल एजेन्सी, उद्योग व्यवसायी तथा सञ्चारमाध्यमसँग नयाँ साझेदारी विस्तार गर्ने र नेपालको पर्यटन क्षेत्रका लागि थप अवसर सिर्जना गर्ने बोर्डको अपेक्षा छ। नेपालले विश्वभरका यात्रुलाई आफ्नो अतुलनीय सौन्दर्य, समृद्ध संस्कृति र आत्मीय आतिथ्य अनुभवका लागि नेपाल घुम्न आउन पनि बोर्ड सबैलाई आह्वान गरेको छ।

# व्यावसायिक कफीखेतीमा भोजपुरका किसान

■ सौर्य समाचार



भोजपुर। केही समयअघिसम्म सामान्य कफीका बोट हुने भोजपुरमा अहिले यसको व्यावसायिक खेती सुरु भएको छ। बजारसम्मको पहुँच स्थापित भएपछि यहाँका किसान व्यावसायिक कफी गर्न थालेका हुन्। अहिले यहाँका किसानको आयआर्जनको मुख्य माध्यम यही बनेको छ। उत्पादन भएको कफी घरबाटै बिक्री हुन थालेपछि किसानलाई बजार खोज्नुपर्ने झन्झट कम भएको छ भने आम्दानीसमेत बढेको छ।

जिल्लाका हतुवागढी गाउँपालिकाका सिन्द्राङ, होम्ताङ, लुंगिन र लुङ्थुङ, रामप्रसादराई गाउँपालिकाका खोक्सिक, आमचोक गाउँपालिका, पौवादुङ्मा गाउँपालिका तथा षडानन्द नगरपालिकालगायत क्षेत्रका किसानले कफी खेती विस्तार गर्दै आएका छन्। यी क्षेत्रको माटो, हावापानी र भौगोलिक बनावट कफी उत्पादनका लागि उपयुक्त मानिन्छ।

कफीखेती विस्तारका लागि संघीय सरकारको विशेष अनुदान तथा किसानको लागत साझेदारीमा चालु आर्थिक वर्षमा करिब ३ करोड ३० लाख रुपैयाँ बराबरको कार्यक्रम सञ्चालन भइरहेको सुरेन्द्रकुमार उदासले जानकारी दिए। उनका अनुसार कफीका लागि उपयुक्त क्षेत्रको पहिचान गरी योजनाबद्ध रूपमा खेती विस्तार भइरहेको छ। नगरपालिकाका सबै १४ वटै वडामा कफीखेती प्रवर्द्धन कार्यक्रम सञ्चालनमा रहेका छन्।

रामप्रसादराई गाउँपालिका-८ खोक्सिकामा किसानले २२ रोपनी क्षेत्रफलमा सामूहिक कफीखेती सुरु गरेका छन्। मकै, आलुजस्ता परम्परागत बालीमा निर्भर किसान अहिले आयमूलक तथा निर्यातमुखी खेतीतर्फउन्मुख भएका हुन्। खोक्सिका कफीखेतीका लागि उपयुक्त भूगोल भएको र अन्य बालीको तुलनामा कफीबाट राम्रो आम्दानी लिन सकिने स्थानीय कृषक मनोज राईले बताए।

यहाँ उत्पादन भएको कफी धरान, इटहरी, विराटनगर र काठमाडौं हुँदै विदेशसम्म निर्यात हुने गरेको स्थानीय कफी व्यवसायीको भनाइ छ। विशेषगरी अर्गानिक कफीको अन्तर्राष्ट्रिय बजारमा राम्रो माग रहेको बताइएको छ। पछिल्लो समय किसान व्यावसायिक खेतीमा जुटेसँगै उत्पादनसमेत वृद्धि भएको कफी बिक्रेता सुनील श्रेष्ठले जानकारी दिए। राम्रोसँग फलेको कफीको १ बोटबाट २५ देखि ३० केजीसम्म उत्पादन लिन सकिने किसानको अनुभव छ। खेती विस्तार बढेसँगै यहाँबाट निर्यात हुने कफीको मात्रा पनि वृद्धि हुँदै गएको उनको भनाइ छ। कफीखेतीको विस्तारले किसानको आम्दानी वृद्धि हुनुका साथै जिल्लाको कृषि अर्थतन्त्रलाई सुदृढ बनाउने स्थानीय जानकारको भनाइ छ।

# 'नामी' इभीका लागि एक्टेन्डेड वारेन्टी घोषणा





■ सौर्य समाचार

काठमाडौं। नेपालका लागि डोङफेङ नामी इलेक्ट्रिक सवारी साधनको आधिकारिक आयातकर्ता तथा वितरक एमएडब्लु वृद्धि मोटर्स प्रालिले नामी बक्स र नामी भिगोका लागि 'एमएडब्लु वृद्धि एक्टेन्डेड वारेन्टी कार्यक्रम' सार्वजनिक गरेको छ। कम्पनीले डोङफेङका इभी सवारी साधनहरूमा ब्याट्री र मोटरमा ८ वर्ष वा २ लाख किलोमिटर (जुन पहिले आउँछ) को स्ट्यान्डर्ड उत्पादक वारेन्टी उपलब्ध गराउने भएको हो।

अब एमएडब्लु वृद्धिको एक्टेन्डेड वारेन्टी कार्यक्रममार्फत ग्राहकहरूले ब्याट्री र मोटरमा कुल ११ वर्ष वा २ लाख ५० हजार किलोमिटर (जुन पहिले आउँछ) सम्मको वारेन्टी कभरेज प्राप्त गर्नेछन्। यसले इभी स्वामित्वलाई अझ बढी ढुक्क र चिन्तामुक्त बनाउनेछ। यो एक्टेन्डेड वारेन्टीले नेपालमा भरपर्दो र ग्राहक-केन्द्रित इभी इकोसिस्टम निर्माण गर्ने एमएडब्लु वृद्धिको प्रतिबद्धतालाई थप मजबुत बनाएको छ।

# मतदानमा मौसम तगारो नबन्ने प्रक्षेपण




■ सौर्य समाचार

काठमाडौं । हिमपातका कारण विशेष गरी हिमाली क्षेत्रमा मतदान प्रभावित हुने आशंकाका बीच जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले आज (मतदानको दिन) देशभरको मौसम सफा रहने जनाएको छ । महाशाखाका अनुसार आज देशभर कुनै पनि मौसमी प्रणालीको प्रभाव नरहने भएकाले चुनावी गतिविधिमा मौसमले खासै अवरोध नपुर्‍याउने जनाएको छ । यद्यपि, मौसममा आउन सक्ने सामान्य परिवर्तनबारे अद्यावधिक रहन महाशाखाले सबैलाई आग्रह गरेको छ । महाशाखाले जारी गरेको विशेष बुलेटिनअनुसार आज देशका अधिकांश तराई क्षेत्रमा मौसम सामान्यतया सफा रहनेछ भने पहाडी र हिमाली क्षेत्रमा आंशिक बदली हुने सम्भावना छ ।

विभागका अनुसार आज तराई भू-भागका केही स्थानहरूमा बिहानको समयमा हुस्सु रहनेछ । कोसी, बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी र हिमाली भूभागमा आंशिक बादल लाग्नेछ र बाँकी भूभागमा मौसम मुख्यतया सफा रहनेछ । त्यस्तै, दिउँसो भने तराई भूभागका थोरै स्थानमा तुँवालो रहनेछ भने कोसी, बाग्मती र गण्डकी प्रदेशका पहाडी र हिमाली भूभागमा आंशिक बादल लाग्नेछ र बाँकी भूभागमा मौसम मुख्यतया सफा रहनेछ । प्रदेशगत रूपमा महाशाखाले गरेको प्रक्षेपणअनुसार हिमाल, पहाड र तराई क्षेत्रको मौसम सफा रहने देखिन्छ । कोसी प्रदेशको हिमाली तथा पहाडी क्षेत्रमा आंशिक बादल लागे पनि तराई क्षेत्र सफा रहनेछ भने मधेस प्रदेशका सबै स्थानमा मौसम सफा रहने महाशाखाले जनाएको छ । त्यस्तै, बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका हिमाल र पहाडी क्षेत्रमा आंशिक बादल लागे पनि यी प्रदेशका तराई क्षेत्रको मौसम सफा रहनेछ । कर्णाली र सुदूरपश्चिम प्रदेशका सबै क्षेत्रको मौसम भने मुख्यतः सफा हुने महाशाखाले जनाएको छ ।

# चुनावी सुरक्षा चुस्त रहेको राष्ट्रिय सुरक्षा परिषद्को निष्कर्ष

■ सौर्यै समाचार



काठमाडौं । राष्ट्रिय सुरक्षा परिषद्ले निर्वाचन निष्पक्ष, भयरहित, शान्तिपूर्ण र त्रुटिरहित ढंगबाट सम्पन्न गर्न कुनै किसिमको अभाव हुन नदिने निर्णय गरेको छ । परिषद्का अध्यक्ष एवं प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा बुधबार सिंहदरबारमा भएको बैठकले निर्वाचन सुरक्षा व्यवस्थाको समीक्षा गर्दै निर्वाचनका लागि आवश्यक पर्ने सम्पूर्ण सुरक्षा व्यवस्था भएको निष्कर्ष निकाले को थियो । बैठकले देशमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न सम्बन्धित सुरक्षा निकायलाई थप प्रभावकारी र समन्वयात्मक रूपमा परिचालन गर्ने निर्णय गरेको रक्षा मन्त्रालयका सचिव केदारनाथ शर्माले बताए ।

राष्ट्रिय सुरक्षाका विविध चुनौती तथा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित घटनाक्रमले राष्ट्रिय सुरक्षामा पार्न सक्ने प्रभावका साथै भावी रणनीतिबारे छलफल भएको थियो । बैठकमा अर्थमन्त्री रामे श्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, परराष्ट्रमन्त्री बालानन्द शर्मा, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी, मुख्यसचिव सुमनराज अर्याल र प्रधानसेनापति अशोकराज सिग्देल सहभागी थिए ।

बुधबार नै बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले पनि निर्वाचनको सम्पूर्ण सुरक्षा तयारी पूरा भएको निष्कर्ष निकाले को थियो । गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको बैठकमा सबै सुरक्षा निकायबाट निर्वाचनको तयारीका सम्बन्धमा भएका कार्यको ब्रिफिङ लिइएको र सोहीअनुरुप निर्वाचनको सुरक्षा तयारी पूरा भएको निष्कर्ष निकालिएको थियो । त्यस्तै, संवेदनशील क्षेत्रमा हेलिकोप्टरबाट पेट्रोलिङ गर्ने, निर्वाचनविरोधी गतिविधि हुन सक्ने विषयमा सम्भावित सूचना संकलन गर्ने र कानुनविपरीतका गतिविधि भए/गरेको पाइएमा कारबाही गर्ने पनि बैठकले निर्णय गरेको छ ।

# त्रिकोणात्मक एकदिवसीय शृंखला स्थगित




■ सौर्य समाचार

काठमाडौं । नेपाल क्रिकेट संघ (क्यान) ले आइसिसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत नेपालमा हुने भनिएको त्रिकोणात्मक एकदिवसीय शृंखलाको खेल स्थगित भएको जनाएको छ । मध्यपूर्वको वर्तमान परिस्थितिलाई ध्यानमा राख्दै सिरिज तत्कालका लागि स्थगित गरिएको क्यानद्वारा बुधबार जारी प्रेस विज्ञप्तिमा जनाइएको छ ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा आयोजना गरिने भनिएको उक्त प्रतियोगिता यही २६ फागुनदेखि ६ चैतसम्म हुने तालिका थियो । उक्त शृंखलामा नेपालसहित युएई र ओमान समावेश छन् । उक्त प्रतियोगिताको स्थगित खेलको नयाँ मिति आवश्यक परामर्शपछि शीघ्र सार्वजनिक गरिने क्यानका क्यानका प्रवक्ता छुम्बी लामाले जानकारी दिए । परिस्थितिको मूल्यांकन गर्दै खेल तालिका पुनःनिर्धारण गरिने उनले बताए ।

# तनहुँका युवामा ब्याडमिन्टनको आकर्षण बढ्दो

■ सौर्य समाचार

तनहुँ । तनहुँका युवामा ब्याडमिन्टन खेलप्रति आकर्षण बढेको छ । तनहुँको सदरमुकाम दमौली, शुक्लागण्डकी नगरपालिकाको दुलेगौंडा, खैरेनीटार, गाछेपानी, भिमाद नगरपालिकाको भिमाद बजार, म्याग्दे गाउँपालिकाको थर्पु, धयरेमा ब्याडमिन्टन खेलका लागि कभर्डहल बनेपछि युवाहरू यसतर्फ आकर्षित भएका हुन् । नियमित रूपमा बिहानदेखि रातिसम्म फुर्सदको समयमा आफूलाई स्वस्थ र तन्दुरुस्त राख्नका लागि युवाहरू समूह मिलाएर ब्याडमिन्टन खेल्ने गर्दछन् । यस खेल युवाहरूको रुचिको पहिलो रोजाइ बनेको खेलाडीहरू बताउँछन् ।

युवाहरू चार जनाको जोडी मिलाएर खेल्न सकिने र छोटो समयमा धेरै पसिना आउने भएकाले यस खेलमा युवाहरूको आकर्षण बढेको प्रशिक्षक तथा खेलाडी विपीन घलेले बताए । जिल्लाका स्थानीय तहहरूले लगानी गरेर कभर्डहल निर्माण गरेपछि भित्र खेल्ने खेल भएकाले हावापानी, घाम तथा अन्य समयमा पनि खेल्न सहज भएको खेलाडी एवं व्यास नगरपालिकाका योजना शाखा प्रमुख भेषराज तिवारीले बताए । व्यास नगरपालिका-१ निवासी प्रदीप न्यौपानेले कार्यालय समयबाहेकको समयमा फुर्सद मिलाएर नियमित रूपमा ब्याडमिन्टन खेल्ने गरेको बताए ।



ब्याडमिन्टन प्रतियोगितामा युवाको आकर्षण बढेपछि यहाँ प्रतियोगितासमेत हुने गरेका छन् । ब्याडमिन्टन प्रतियोगितामा धेरै टिमको सहभागिताले यस खेलमा आकर्षण बढेको पुष्टि हुने खेलाडी रामकृष्ण क्षेत्रीले बताए । म्याग्दे गाउँपालिकाले थर्पुमा म्याटसहितको र धयरेमा कभर्डहल निर्माण गरी खेललाई निरन्तरता दिएको म्याग्दे गाउँपालिका-४ का वडाध्यक्ष दीपककुमार श्रेष्ठले बताए ।

# विश्वकपअघि नेदरल्यान्ड्सले अल्जेरियासँग खेल्ने



■ सौर्य समाचार

काठमाडौं । नेदरल्यान्ड्सले अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा आयोजना गर्ने विश्वकप फुटबलअघि अल्जेरियासँग मैत्रीपूर्ण खेल खेल्ने भएको छ । उक्त वार्मअप खेल जुन ३ मा आयोजना गरिने तय भएको छ । डच टोली विश्वकप तयारीका क्रममा अल्जेरिया भ्रमणमा जानेछ । विश्वकपमा नेदरल्यान्ड्स समूह 'सी' मा रहेको छ र पहिलो खेल जुन १४ मा डालासमा जापानविरुद्ध खेल्ने तालिका छ ।

त्यसअघि अर्को एक मैत्रीपूर्ण खेलसमेत खेल्ने योजना रहेको डच फुटबल संघले जनाएको छ । यता, अल्जेरिया समूह 'जे' मा परेको छ । उक्त समूहमा साविक विजेता अर्जेन्टिनासहित अस्ट्रेलिया र जोर्डन रहेका छन् । दुवै टोलीका लागि यो मैत्रीपूर्ण खेल विश्वकपअघिको महत्त्वपूर्ण तयारीका रूपमा हेरिएको छ ।

# नेपालभाषाको पहिलो ओटिटी प्लेटफर्म नेवा-फ्लिक्सको घोषणा

■ सौर्य समाचार

काठमाडौं । नेपालभाषाको पहिलो ओटिटी प्लेटफर्म 'नेवा-फ्लिक्स' को औपचारिक घोषणा कीर्तिपुरस्थित कीर्तिपुर सिनेप्लेक्समा सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथिका रूपमा नेपाल चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी सहभागी भएका थिए । कार्यक्रममा ईलोहं प्रकाशनका प्रबन्धनिर्देशक नरेशवीर शाक्यले स्वागत मन्तव्य राख्दै २६ वर्षदेखि प्रकाशन क्षेत्रमा सक्रिय रहेको संस्थाले समयअनुसार प्रविधिसँग अघि बढ्न 'ईलोहं इन्टरटेनमेन्ट' सञ्चालनमा ल्याएको जानकारी दिए । उनले डिजिटल माध्यमको विस्तारसँगै नेपालभाषा सामग्रीलाई विश्वव्यापी पहुँच दिलाउने उद्देश्यले ओटिटी प्लेटफर्म सुरु गरिएको बताए । कीर्तिपुर सिनेप्लेक्सका अध्यक्ष नरेन्द्र महर्जनले नेपालभाषा चलचित्र प्रदर्शनमा समस्या परे सहकार्यका लागि तयार रहेको धारणा राखे ।

विगतमा नेपाली र भारतीय फिल्म प्रदर्शनबीचको असमानता स्मरण गर्दै उनले अहिले प्रदर्शनको स्वरूप परिवर्तन भइसकेको र ओटिटी प्लेटफर्ममार्फत रिलिज गर्ने प्रवृत्ति बढ्दै गएको उल्लेख गरे । प्रमुख अतिथि दिनेश डिसीले सांस्कृतिक आन्दोलनको विगत स्मरण गर्दै सम्पदा र संस्कृतिको संरक्षणमा डिजिटल माध्यमको भूमिका महत्त्वपूर्ण हुने बताए । उनले 'सिलु' र 'राजमती' जस्ता कृतिहरू डिजिटलाइजेसन गर्नुपर्ने आवश्यकता




औंल्याउँदै 'नेवा-फ्लिक्स' नेपालभाषा सामग्री प्रवर्द्धनका लागि प्रभावकारी मञ्च बन्न सक्ने विश्वास व्यक्त गरे । कार्यक्रममा ईलोहं प्रकाशनका प्रमुख कार्यकारी अधिकृत (सिओओ) दर्शनवीर शाक्यले २ वर्षको तयारीपछि प्लेटफर्म सार्वजनिक गरिएको जानकारी दिए ।

इन्टरनेटमार्फत नेपालभाषाका चलचित्र र म्युजिक भिडियो विश्वभर हेर्न सकिने व्यवस्था गरिएको उनले बताए । सिनेमा हलसम्म पुग्न नसक्ने दर्शकका लागि यो उपयुक्त विकल्प हुने र डिजिटल प्रविधिले पहुँच विस्तार गर्ने विश्वास उनको थियो । कार्यक्रम ईलोहं इन्टरटेनमेन्टकी अध्यक्ष प्रज्ञादेवी शाक्यको सभापतित्वमा सम्पन्न भएको थियो । प्लेटफर्मको प्राविधिक पक्ष प्लुटोनिक मिडियाले सम्हालेको जनाइएको छ । 'नेवा-फ्लिक्स' मार्फत नेपालभाषा चलचित्र, संस्कृति र सम्पदालाई डिजिटल माध्यमबाट विश्वदर्शकमाझ पुर्‍याउने लक्ष्य लिइएको आयोजकले जनाएको छ ।

# ग्रामीण विद्यालयमा हस्तकला प्रतियोगिता

■ सौर्य समाचार

भोजपुर । स्थानीय विद्यालयमा अध्ययरत विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ जिल्लाको एक ग्रामीण विद्यालयमा हस्तकला प्रतियोगिता आयोजना गरिएको छ । जिल्लाको भोजपुर नगरपालिका-५, बोखिममा रहेको पञ्चकन्या माध्यमिक विद्यालयमा हस्तकला प्रतियोगिता आयोजना गरिएको प्रधानाध्यापक लक्ष्मण जोशीले बताए । प्रअ जोशीले भने, 'स्थानीय कलाकौशल तथा रैथाने प्रविधिको संरक्षण, संवर्द्धन र सीप विकासको उद्देश्यले हस्तकला प्रतियोगिता आयोजना गरिएको हो ।' स्व.गंगाप्रसाद राई आइओएम तथा मनकुमारी राईको स्मृतिमा आयोजना गरिएको प्रतियोगितामा २८ विद्यार्थीको सहभागिता रहेको थियो ।

प्रतियोगितामा कक्षा ७ मा अध्ययनरत सागार तामाङ (मालिंगोको चित्रा) प्रथम, कक्षा ७ कै अमिसा तामाङ (परालको पीरा) द्वितीय र कक्षा ९ का योगेश श्रेष्ठ (मही पार्ने मदानी) तृतीय भएका छन् । विजयीलाई विद्यार्थीलाई क्रमशः ५ हजार, ३ हजार र २ हजार रुपैयाँका साथमा प्रमाणपत्र प्रदान गरिएको छ । सबै प्रतियोगी विद्यार्थीले स्थानीय सामग्रीको प्रयोग गरी आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए । विद्यालयस्तरमा हुने यस्ता सीपमूलक कार्यक्रमले विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ आफूले प्रयोजन गरेको समाजसेवी तथा शिक्षाप्रेमी शिशिरकुमार राईले बताए ।

# होर्मुजमा इरानको नियन्त्रण दाबी, युद्ध तीव्र

■ एजेन्सी

पेरिस । मध्यपूर्वमा जारी युद्ध पाँचौं दिनमा प्रवेश गर्दा इरानले विश्व ऊर्जा आपूर्तिको प्रमुख मार्ग होर्मुज जलडमरूमध्यमा 'पूर्ण नियन्त्रण' रहेको दाबी गरेको छ । यसैबीच इजरायलले इरान र लेबनानमा नयाँ आक्रमण सुरु गरेको जनाएको छ, जसले क्षेत्रीय तनाव थप चर्किएको संकेत दिएको छ ।

इरानको रिभोलुसनरी गाड्र्सले होर्मुज हुँदै आवतजावत गर्ने कुनै पनि जहाज मिसाइल वा ड्रोन आक्रमणको जोखिममा पर्न सक्ने चेतावनी दिएको छ । होर्मुज जलडमरूमध्ये विश्व तेल तथा ग्यास आपूर्तिका लागि अत्यन्त संवेदनशील समुद्री मार्ग मानिन्छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी नौसेना तेल ट्यांकरहरूलाई एस्कर्ट गर्न तयार रहेको बताएका छन् । गाड्र्सले अमेरिका र इजरायली लक्ष्यहरूमा ४० भन्दा बढी मिसाइल प्रहार गरिएको दाबी पनि गरेको छ ।

युद्धको पृष्ठभूमिमा इरानले सर्वोच्च नेता आयतोल्लाह अली खामेनीको तीनदिने राजकीय अन्त्येष्टि बुधबार साँझदेखि सुरु हुने जनाएको छ । खामेनी शनिबार अमेरिका-इजरायल आक्रमणमा मारिएको इरानको दाबी छ । त्यसपछि द्वन्द्व तीव्र बनेको हो । इजरायलका रक्षामन्त्रीले सम्भावित उत्तराधिकारीसमेत 'हत्याको लक्ष्य' बन्न सक्ने चेतावनी दिएका छन् । बुधबार बिहान इरानबाट प्रक्षेपित क्षेप्यास्त्रहरूले जेरुसेलम र तेल अभिवसहित इजरायलका विभिन्न क्षेत्रमा हवाई आक्रमणको साइरन बजाएको थियो । इजरायली सेनाले खतरा निष्क्रिय पार्न काम गरिरहेको जनाएको छ । जेरुसेलम नजिकै आगलागी भएको खबर आए पनि तत्काल हताहतको विवरण प्राप्त भएको छैन ।

यसैबीच श्रीलंकाले आफ्नो क्षेत्रीय जलक्षेत्र बाहिर १८० चालक दलसहितको १ इरानी फ्रिगेट डुबेको जनाएको छ । कारण खुल्न बाँकी छ । श्रीलंकाका विदेशमन्त्रीले आइरिस डेनामा सवार ३० इरानी नाविकको उद्धारका लागि जहाज र विमान पठाइएको जानकारी दिए ।

मध्यपूर्वमा अमेरिकी सैन्य बलको नेतृत्व गरिरहेका एडमिरल ब्राड कुपरले हालसम्म इरानमा करिब २ हजार लक्ष्यमा प्रहार गरिएको बताए । उनका अनुसार इरानको हवाई सुरक्षा संरचना गम्भीर रूपमा क्षतिग्रस्त पारिएको छ र सयौं ब्यालेस्टिक मिसाइल, लन्चर तथा ड्रोन नष्ट गरिएको छ ।

लेबनानको राजधानी बेरुतमा इजरायल र हिजबुल्लाहबीच आक्रमण र रकेट प्रहार आदानप्रदान हुँदा विस्फोटका आवाज सुनिएको एएफपीका संवाददाताले जनाएका छन् । लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बेरुतको दक्षिण क्षेत्रका २ सहरमा इजरायली आक्रमणबाट कम्तीमा ६ जनाको मृत्यु र ८ जना घाइते भएका छन् । राज्य मिडियाले बेरुतको हजमिह उपनगर र पूर्वी सहर बालबेकमा आक्रमण हुँदा थप ५ जनाको मृत्यु भएको जनाएको छ ।

साउदी अरेबियाले राजधानी रियादको दक्षिण क्षेत्रमा २ वटा क्रुज मिसाइल र ९ ड्रोन रोकेको जनाएको छ । इराकको बगदाद अन्तर्राष्ट्रिय विमानस्थल नजिकै एक ड्रोन खसालिएको सुरक्षा स्रोतले जानकारी दिएको छ । कतारले रिभोलुसनरी गाड्र्ससँग सम्बन्धित २ जासुसी कक्ष ध्वस्त पारेको र १० जना संदिग्धलाई पक्राउ गरिएको जनाएको छ ।

इजरायली सेनाले इरानमाथि 'व्यापक हमला' सुरु गरिएको बताउँदै तेहरानको सुरक्षा कमान्ड केन्द्रसहित दर्जनौं लक्ष्यमा आक्रमण गरिएको दाबी गरेको छ । दुबईस्थित अमेरिकी वाणिज्य दूतावासमा ड्रोन आक्रमणपछि आगलागी भएको प्रत्यक्षदर्शीले बताएका छन् । अमेरिकी विदेश मन्त्रालयले साउदी अरेबिया र ओमानमा रहेका गैर-आपतकालीन कर्मचारी तथा परिवारलाई सुरक्षाको कारण देखाउँदै प्रस्थान गर्न अनुमति दिएको छ । साथै जोर्डन, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्सबाट अमेरिकी नागरिकलाई बाहिर निकाल्न चार्टर उडानको व्यवस्था गरिएको जनाएको छ ।



## इरानमाथि अमेरिकी आक्रमणमा आफ्नो आधार प्रयोग स्पेनद्वारा अस्वीकार

स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले बुधबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आग्रह अस्वीकार गर्दै आफ्नो देशको विमान र सैन्य आधार इरानमाथि आक्रमणका लागि प्रयोग गर्न नदिने घोषणा गरेका छन् । उनले टेलिभिजन सम्बोधनमा स्पष्ट रूपमा 'हामी युद्धमा संलग्न हुने छैनौं' भन्दै प्रतिशोधको डरले विश्वका लागि हानिकारक कुनै कदममा स्पेन संलग्न नहुने जोड दिए ।

उनले भने, 'हामी यस विपत्तिको विरोध गर्छौं ।' उनले आफ्नो दृष्टिकोण युरोप, उत्तर अमेरिका र मध्यपूर्वका लाखौं नागरिकहरूसँग साझा भएको बताए, जसले थप युद्ध वा अनिश्चितता चाहँदैनन् ।

यसअघि मंगलबार ह्वाइट हाउसमा जर्मन चान्सलर फ्रेडरिक मर्जसँग भेट्दा ट्रम्पले स्पेनलाई 'डरलाग्दो' सहयोगी भनेका थिए । सान्चेजले ट्रम्पको मागअनुसार रक्षा खर्चलाई कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ५ प्रतिशतमा बढाउने प्रतिज्ञा गर्न अस्वीकार गरेको पनि औंल्याए । संयुक्त राज्य अमेरिकाले गठबन्धनको बोझ धेरै काँधमा बोकेको ट्रम्पले बारम्बार उल्लेख गरेका थिए ।

सान्चेजको वामपन्थी सरकारले गाजामा इजरायलको युद्धको कडा विरोध, भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलाई अपहरण र पक्राउ गर्ने सैन्य कारबाहीको आलोचना र अन्य नीतिहरूले वासिंगटनको रिस बढाएको छ ।

स्पेनको रोटा नौसेना आधार र मोरोन हवाई आधार अमेरिकी सेनाको प्रयोगमा छ । सन् २००३ मा इराकमाथि आक्रमण हुँदा तत्कालीन कन्जरभेटिभ प्रधानमन्त्री जोस मारिया आजनारको नेतृत्वमा स्पेनले अमेरिकी आक्रमणलाई दृढ समर्थन गरेको थियो ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी